वर्ष २० | अंक १८५ | काठमाडौं | सोमवार, १ वैशाख २०८२ | Monday, 14 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक
www.abhiyandaily.com



'कोरला नाकाबाट घरायसी प्रयोजनको सामान ल्याउन रोकिएको छैन' २
वार्षिकोत्सवमा सिटिजन्स बैंकको छुट योजना ३
गरीबीको पहिचान र अन्य ४
नयाँ वर्षमा पर्यटकीय गन्तव्यमा चहलपहल ८

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

## गभर्नरको उमेरहद संशोधनविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं (अस) । सरकारले अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायको पदाधिकारी तथा सदस्य नियुक्तिसम्बन्धी मापदण्ड संशोधन गरी उमेरहदसम्बन्धी व्यवस्था हटाएपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

नेपाल राष्ट्र बैंकको गभर्नरमा आफूनिकट व्यक्ति नियुक्तिका लागि मापदण्ड संशोधन गरी उमेरहद हटाइएको भन्दै यसलाई बदर गर्न माग गर्दै अधिवक्ताद्वय विशाल थापा र प्रतिभा उप्रेतीले रिट दायर गरेका हुन् । रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक ऐनअनुसार गठन भएको गभर्नर सिफारिश समिति र नेपाल राष्ट्र बैंकसमेतलाई विपक्षी बनाइएको सर्वोच्च अदालतका उपरजिस्ट्रार निराजन पाण्डेले जानकारी दिए । रिटको पेशी मंगलवारका लागि तोकिएको छ ।

सरकारले गभर्नर नियुक्तिका लागि अर्थमन्त्री विष्णुप्रसाद पौडलको अध्यक्षतामा पूर्वगभर्नरबाट विजयनाथ भट्टराई र विज्ञबाट विश्व पौडेल सदस्य रहेको सिफारिश समिति गठन गरेलगत्तै सरकारले फागुन अन्तिम साता अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायको पदाधिकारी तथा सदस्य नियुक्तिको मापदण्ड संशोधन गर्दै ६५ वर्षको उमेरहद खारेज गरेको सार्वजनिक भएको थियो ।


त्यसअघि मापदण्डमा पदाधिकारीका लागि ३० वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको र सदस्यको हकमा ३५ वर्ष पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था थियो ।

गभर्नर नियुक्तिको मुखमा उमेरहद बढाएपछि आफूनिकट व्यक्तिलाई नियुक्ति गर्न लागेको भन्दै सरकारको आलोचना भइरहेको छ । तर, सत्तारूढ दल एमाले र कांग्रेसबीच कुरा नमिल्दा गभर्नर नियुक्ति प्रक्रिया अघि बढ्न सकेको छैन ।


सरकारले ऐनअनुसार गभर्नर नियुक्ति गर्न नसकेपछि चैत २५ गतेयता पद रिक्त छ । अर्थमन्त्री पौडेलले चैत २५ देखि वरिष्ठ डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिनालाई कायम मुकायम गभर्नरको जिम्मेवारी दिएका छन् ।

नयाँ वर्ष २०८२ को अवसरमा पाठकवर्ग, विज्ञापनदाता र शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
न्यू बिजनेश एज लि.


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




### खानेतेल निकासीका सम्भावित सकस

# भारतीय उद्यमीको पहलले सशंकित स्वदेशी उद्योगी

ओमप्रकाश खनाल
वीरगञ्ज

नेपालबाट सस्तो मूल्यमा प्रशोधित तेल आयात हुँदा व्यवसायमा मार परेको भन्दै भारतीय उद्योगीले नियन्त्रणका लागि त्यहाँको सरकारलाई आग्रह गरेपछि नेपालका उद्योगीहरू सशंकित भएका छन् ।

नेपालका उद्यमीले इन्डोनेशिया, मलेशियालगायत देशबाट कच्चा तेल आयात गरी प्रशोधनपछि दक्षिण एशियाली खुला बजार क्षेत्र (साफ्टा) सम्झौता अन्तर्गत सहुलियतमा निकै सस्तो दरमा भारत निकासी गरेको भन्दै त्यहाँका उद्यमीले नियन्त्रणको माग गरेका हुन् ।

साफ्टाअन्तर्गत नेपालका अधिकांश वस्तुको भारत निर्यातमा शून्य भन्सार लाग्छ । नेपाल र भारतबीचको द्विपक्षीय व्यापार सन्धिअनुसार पनि ३० प्रतिशत मूल्य अभिवृद्धि भएको वस्तुको भारत निकासीमा शून्य भन्सार लाग्छ । नेपालका उद्यमीले अहिले भटमास र सूर्यमुखीको प्रशोधित तेल निकासी गर्दै आएका छन् । यो नेपालबाट निकासी हुने मुख्य वस्तुमा पर्छ । भारतले अन्य देशबाट आउने अप्रशोधित र प्रशोधित तेलमा उच्च भन्सार लगाएको तर नेपालले भन्साररहित सुविधाअन्तर्गत भारत निर्यात गर्न पाउने भएकाले भारतीय तेल प्रशोधन उद्योगलाई असर गरेको भन्दै नेपाली खानेतेल आयातमा कडाइ गर्न भारत सरकारसमक्ष अनुरोध गरेका हुन् । नेपाली उद्योगले भन्सार दरमा पाएको फाइदाअनुसार उत्पत्तिको प्रमाणपत्रको जाँच गरिनुपर्ने उनीहरूको माग छ ।

भारतीय उद्यमीले नेपालबाट भइरहेको आयात रोक्न पहल गर्दै आए पनि भारतले हालसम्म यस सम्बन्धमा कुनै कारबाही अगाडि बढाएको छैन । तर, भारतका उद्योगीले निरन्तर यस्तो माग गरिरहँदा यताका उद्योगीले दबाब भने महसूस गरिरहेको नारायणी आयल रिफाइनरीका सञ्चालक निखिल चाचान बताउँछन् ।

तेस्रो मुलुकबाट आयात भएको कच्चा तेल यहाँ प्रशोधन गरी ३० प्रतिशत मूल्य अभिवृद्धिमा भारत निकासी गर्न सकिने प्रावधान छ । यो तहको मूल्ययोग भएपछि



**चालू आव २०८१/८२ को फागुनसम्म भारत निर्यातको अवस्था**

| खानेतेलको प्रकार | भारत निर्यात (रू.) |
|---|---|
| भटमासको तेल | ४७.९४ अर्ब |
| सूयमुखी फूलको तेल | ७.९८ अर्ब |
| पाम तेल | ३.०५ करोड |

*स्रोत : भन्सार विभाग*

साफ्टा सहुलियतमा भारतीय बजारमा निकासी गर्न पाइन्छ ।

भारतमा अन्य देशबाट भित्रिने तेलमा उच्च दरको सीमाशुल्क तोकिएको छ । नेपालबाट हुने निकासीमा दिइएको साफ्टा महशुल सहुलियतको लाभ यहाँका उद्यमीले लिएका हुन् ।

ओसीबी फुडका सञ्चालक सुरेश रुंगटाले नेपालबाट तेल निकासी हुनेबित्तिकै भारतीय उद्यमीले नियन्त्रणको 'लबिङ' थालेको दाबी गरे । 'विगतमा पनि यस्तो काम हुने गरकै हो । २ वर्षअघि पनि त्यहाँका उद्यमीको आग्रहमा भारतले नेपालबाट हुने पाम तेलको आयातमा कोटा लगाइदिएको थियो,' रुंगटाको भनाइ छ ।

भारतीय वनस्पति तेल उत्पादक संघले भारत सरकारसँग नेपालबाट हुने प्रशोधित तेलको आयातमा परिमाणात्मक बन्देज लगाउनुपर्ने, कृषि पूर्वाधार र विकास शुल्कलाई १० देखि १५ प्रतिशत बनाइनुपर्नेलगायत माग राखेको त्यहाँका सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

अन्नपूर्ण भेजिटेबल प्रडक्टका सञ्चालक प्रभुदयाल अग्रवालले सरकार-सरकार (जीटुजी) समन्वयमार्फत नेपाली उत्पादनको निकासी निश्चित गरिनुपर्ने माग गर्छन् । 'भारतको ठूलो बजारमा नेपालबाट हुने निकासीको परिमाण निकै कम हुने भएकाले नेपाल सरकारले यो तथ्यमा भारतीय सरकार र त्यहाँका निकायहरूलाई सहमत तुल्याउनुपर्छ,' अग्रवालको भनाइ छ ।

विगत ६ महीनायता नेपालबाट तेल निकासी पुनः बढ्न थालेका हो । त्यसअघि भारतले अन्य देशबाट आएका प्रशोधित खाद्य तेलमा पनि शून्य भन्सार दरको नीति लिँदा नेपालबाट निकासी ठप्पजस्तै थियो । ६ महीनाअघि शुल्क बढाए पनि कच्चा पदार्थ भित्र्याएर प्रशोधित तेल पठाउन स्वदेशका उद्योगलाई थप ३ महीना लागेको थियो । गत भदौको अन्त्यमा भारतले अन्य देशबाट आयात हुने कच्चा खानेतेलमा भन्सार दर शून्यबाट २० प्रतिशत र प्रशोधित तेलमा ३२ दशमलव ५ प्रतिशत पुऱ्याएको थियो । यसले गर्दा नेपालबाट निर्यात हुने प्रशोधित खानेतेल भारतीय बजारमा सस्तोमा निर्यात हुन सकेको हो ।

» बाँकी पृष्ठ ५ मा

# नेपालमा दर्ता गर्न चासो दिएनन् फेसबुक र एक्सले

### बन्द गर्ने निर्णय लिन सरकारलाई कठिन



**संविधान उनीहरूले मान्नुपर्छ कि पर्दैन ? नेपालको सरकारसँग उनीहरूको सम्बन्ध हुनुपर्छ कि पर्दैन ? आजसम्म दर्ता नगरीकन बसेको छ । हामीले आह्वान गरेका छौं । यो आह्वानभित्र आएन भने हामीले उनीहरूलाई बन्द गर्नुपर्छ ।**

**पृथ्वी सुब्बा गुरुङ**
सञ्चार तथा सूचनाप्रविधि मन्त्री

विजय दमासे
काठमाडौं

सरकारले विभिन्न सामाजिक सञ्जाल कम्पनीलाई नेपालमा दर्ता हुन बारम्बार पत्राचार गरे पनि अधिकांशले यसमा हालसम्म चासो देखाएका छैनन् ।

खासगरी फेसबुक , इन्स्टाग्राम, थ्रेड सञ्चालन गर्ने मेटा र एक्सले हालसम्म नेपालमा दर्ता गर्न चासो देखाएका छैनन् । यी दुवै अमेरिकी कम्पनी हुन् ।

सञ्चार तथा सूचनाप्रविधि मन्त्रालय आफैले पटकपटक ती कम्पनीलाई नेपालको कानूनी परिधिभित्र आउन ताकेता गरे पनि अहिलेसम्म नआएको मन्त्रालयले बताएको छ ।

मन्त्रालयका एक अधिकारीका अनुसार मेटा र एक्सलाई पटकपटक गरिएको पत्राचारमा अहिलेसम्म कुनै पनि प्रतिक्रिया आएको छैन ।

नेपालमा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० को दफा ५ मा सामाजिक सञ्जाल सञ्चालन गरेका वा गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयमा सूचीकरणका लागि तोकिएका कागजातसहित निवेदन दिनुपर्ने व्यवस्था छ ।

निर्देशिकाले उल्लिखित व्यक्ति, कम्पनी वा संस्थाले नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नुपर्ने प्रावधान पनि राखिएको छ ।

उक्त प्रावधानअनुसार टिकटक, भाइबर र विटक गरी तीनओटा सामाजिक सञ्जाल प्लेटफर्म मात्रै मन्त्रालयमा दर्ता भएका छन् । टिकटक र भाइबर विदेशी हुन् भने विटक नेपाली प्लेटफर्म हो ।

अन्य सामाजिक सञ्जालका हकमा सञ्चार मन्त्रालयले पछिल्लोपटक चैत ७ गते सूचना निकालेर ३० दिनभित्र दर्ता हुन भनेको थियो । त्यसैले सरकारले दिएको म्याद नै वैशाख ७ सम्म हो ।

शुक्रवार रूपन्देहीमा आयोजित एक कार्यक्रममा बोल्दै सञ्चारमन्त्री तथा सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले तत्काल दर्ता हुन नआएमा नेपालमा फेसबुक , एक्सजस्ता सामाजिक सञ्जाल बन्द गरिदिने चेतावनी दिए । उनले भनेका छन्, 'संविधान उनीहरूले मान्नुपर्छ कि पर्दैन ? नेपालको सरकारसँग उनीहरूको सम्बन्ध हुनुपर्छ कि पर्दैन ? आजसम्म दर्ता नगरीकन बसेको छ । हामीले आह्वान गरेका छौं । यो आह्वानभित्र आएनन् भने हामीले उनीहरूलाई बन्द गर्नुपर्छ ।'

मन्त्रीले यस्ता चेतावनी दिँदै हिँडे पनि तत्काल सञ्चार मन्त्रालय बन्दै गर्ने पक्षमा छैन । मन्त्रालयका ती अधिकारीका अनुसार अझै ताकेता गर्ने क्रम चलिरहनेछ ।

'फेसबुक, एक्स सामाजिक सञ्जलले तल्लो वर्गसम्म प्रभाव जमाएको छ,' सञ्चार मन्त्रालयका एक उच्च अधिकारीले भने, 'बन्द नै गर्दा ठूलो असर पर्न सक्छ र मानवीय क्षति समेत हुन सक्ने भएकाले त्यसमा हामी सचेत छौं ।'

- फेसबुक, इन्स्टाग्राम र थ्रेड सञ्चालन गर्ने मेटा र एक्सले हालसम्म नेपालमा दर्ता गर्न चासो देखाएनन्
- वैशाख ७ गतेभित्र दर्ता हुन पछिल्लो आह्वान
- हालसम्म टिकटक, भाइबर र विटक गरी तीनओटा सामाजिक सञ्जाल प्लेटफर्म मात्रै दर्ता
- डेटा रिपोर्टलका अनुसार सन् २०२४ को अप्रिलसम्म नेपालमा फेसबुक प्रयोगकर्ता १ करोड ६३ लाख ७३ हजार २००
- सन् २०२४ को शुरूमा एक्सका नेपाली प्रयोगकर्ताको संख्या ४ लाख ६६ हजार १०० रहेको अनुमान

मेटा प्लेटफर्म इन्क कम्पनी (मेटा) अमेरिकी बहुराष्ट्रिय कम्पनी हो जसले सामाजिक सञ्जाल, विज्ञापन र मेटाभर्स प्रविधिमा लगानी गरेको छ ।

मेटाले फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र थ्रेड्सजस्ता प्लेटफर्महरू सञ्चालन गर्छ । यी प्लेटफर्महरूबाट विज्ञापनमार्फत ९७ दशमलव ८ प्रतिशतभन्दा बढी राजस्व आर्जन हुन्छ । मार्क जुकरबर्गको लगानी रहेको यो प्लेटफर्ममा नेपालीहरूले समेत विज्ञापन गर्ने गरेका छन् ।

डेटा रिपोर्टलका अनुसार सन् २०२४ को अप्रिलसम्म नेपालमा फेसबुक प्रयोगकर्ताको संख्या १ करोड ६३ लाख ७३ हजार २०० रहेको छ, जुन नेपालको कुल जनसंख्याको ५१ दशमलव ४ प्रतिशत हो । यति ठूलो प्रयोगकर्ता रहेको मेटाले नेपालमा दर्ता हुनै मानिरहेको छैन ।

एक्स (ट्वीटर) विश्व प्रख्यात धनाढ्य एलन मक्सको प्लेटफर्म हो । उनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनमा डिपार्टमेन्ट अफ गभरमेन्ट इफिसियन्सी (डोजे) का प्रमुख पनि हुन् ।

डेटा रिपोर्टलका अनुसार सन् २०२४ को शुरूमा एक्सका नेपाली प्रयोगकर्ताको संख्या ४ लाख ६६ हजार १०० रहेको अनुमान गरिएको छ, जुन नेपालको कुल जनसंख्याको १ दशमलव ५ प्रतिशत हो । यो कम्पनी पनि नेपालमा दर्ता भएको छैन ।

» बाँकी पृष्ठ ५ मा

# सुरक्षाकर्मी परिचालन गरेर नागढुंगा सुरुङमार्ग निर्माण शुरू

अभियान संवाददाता
काठमाडौं

नागढुंगा सुरुङमार्गको काम अन्ततः सुरक्षाकर्मी परिचालन गरेर शुरू गरिएको छ । स्थानीय बासिन्दाले विभिन्न माग राखेर २८ दिनदेखि रोकिराखेको काम आइतवारदेखि शुरू भएको हो ।

नागढुंगा सुरुङमार्ग आयोजना र प्रभावित स्थानीयबीच सहमति नभए पनि सरकारले बाक्लो सुरक्षाकर्मीको उपस्थितिमा आयोजना निर्माण अघि बढाएको छ । आयोजना प्रभावित धादिङ पोर्टलतर्फका स्थानीयले चैत ५ गतेदेखि काममा अवरोध गरेपछि निर्माणका सबै काम ठप्प थिए । आयोजना प्रमुख सञ्जय पन्थीले निर्माण स्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ)का करीब ८० जना सुरक्षाकर्मीको उपस्थितिमा काम शुरू गरिएको जानकारी दिए ।

'नागढुंगाको काम आइतवारदेखि सुरक्षाकर्मी परिचालन गरेर काम शुरू गरिएको छ,' पन्थीले भने, 'स्थानीयसँग वार्ता तथा छलफल पनि जारी छ, अर्कोतर्फ सहमति नहुँदासम्म सुरक्षाकर्मीकै उपस्थितिमा आयोजनाका काम पनि निरन्तर अघि बढ्नेछन् भने आन्दोलनरत स्थानीयसँग वार्ता पनि हुँदै गर्छ र काम पनि हुँदै जान्छ ।' करीब महीना दिनसम्म पनि काम शुरू नभएकाले सरकारले सुरक्षाकर्मी परिचालन गरेको उनको भनाइ छ ।

अहिले आयोजनामा पहिरो नियन्त्रणदेखि सुरुङभित्रका काम भइरहेका छन् । आयोजनाको काम हालसम्म ८८ प्रतिशत सम्पन्न भइसकेको उनको भनाइ छ । आयोजना निर्माण शुरू भएदेखि हालसम्म विभिन्न समयमा ८/१० पटकसम्म सुरुङमार्गको काम रोकिएको छ । कहिले २/३ दिन त कहिले १ महीनासम्म यस्तो अवरोध लम्बिएको देखिएको छ ।

### निर्माण स्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ)का करीब ८० जना सुरक्षाकर्मी तैनाथ


यो आयोजनाको पश्चिम पोर्टल (धादिङ) तर्फका स्थानीयले विभिन्न माग राखेर २ साताभन्दा बढी काममा अवरोध गरेपछि सडक विभागले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत खानेपानी र गृह मन्त्रालयलाई पत्राचार गरिसकेको थियो । आयोजनाले खानेपानीको समस्या समाधानको समन्वय गरिदिन खानेपानी र काम शुरू गर्न गृहसँग सहयोग मागेको थियो । आयोजनाले सम्बद्ध स्थानीयसँग काम गर्न दिनु भनेर छलफल तथा वार्ता गरिरहेको थियो ।

सुरुङमार्गको पश्चिमतर्फका प्रभावित स्थानीयले खासगरी अहिले जीवनभर सित्तैमा खानेपानी पाउने व्यवस्था सुनिश्चित गर्न माग गरेर काम ठप्प पारेको आयोजनाले उल्लेख गरेको छ ।

आयोजनामा विनाअवरोध काम भएमा विभागले २०८२ असारसम्ममा सुरुङमार्गका सबै काम सम्पन्न गर्ने लक्ष्य राखेको थियो । अहिले स्थानीयले अवरोध गरेपछि समय धकलिने निश्चित भएको आयोजना प्रमुख पन्थी बताउँछन् । यो आयोजना २०८२ असोज (अक्टोबर-२०२५) सम्ममा सम्पन्न गर्ने गरी म्याद थप गरिए पनि आयोजनाले असारसम्ममा सबै काम सम्पन्न गर्ने लक्ष्य राखेको थियो । अहिलेको मुख्य माग खानेपानीको भए पनि यसअघि चर्किएका घरको मर्मतसम्भार गर्न माग गरिएको थियो ।

यो सुरुङमार्ग जापानी कम्पनी हाज्मा/आन्दो कर्पोरेशनले बनाइरहेको छ । ४२ महीनामा सम्पन्न गर्ने गरी यो आयोजना २०७६ कात्तिक ४ गते शिलान्यास भएको थियो । सुरुङमार्गको मुख्य सुरुङ २०८१ वैशाख ३ गते छिचोलिएको थियो । २ दशमलव ५ किलोमीटरको सुरुङ सन् २०२३ को अप्रिलमा सम्पन्न गर्ने गरी जापानी कम्पनीसँग सम्झौता भएको थियो । पछि म्याद थपिएर २०२५ अक्टोबरसम्म पुगेको हो ।

Happy New Year 2082
नवबर्ष २०८२ सालको पावन उपलक्ष्यमा सम्पुर्ण देश विदेशमा बस्नुहुने सम्पुर्ण नेपालीहरूमा सुख, शान्ति, स्वास्थ्य र सम्मृद्धिको हार्दीक मंगलमय शुभकामना गर्दछौं ।
टिकाराम दाहाल, अध्यक्ष
नेप्सेम्याक सेवा प्रा. लि.
ललितपुर
दिपक भण्डारी, प्रबन्ध निर्देशक
नेशनल फर्मा
धुम्बाराही, काठमाडौं
खेमराज भण्डारी, प्रबन्ध निर्देशक
कान्तिपुर सेक्युरिटी सर्भिस प्रा. लि. परिवार
चाबहिल, काठमाडौं
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
कालिमाटी, काठमाडौं
केशब प्रसाद घिमिरे, प्रबन्ध निर्देशक
त्रिमुर्ति सेक्युरिटी सर्भिस प्रा. लि.
महाराजगंज, काठमाडौं



काठमाडौंको भेडासिंमा महादेव मन्दिरको पुनर्निर्माणमा खटिएका कामदारहरू ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# बाँकेका पाँच स्थानीय तहमा छैन दमकल

## आगलागीका घटना नियन्त्रणमा चुनौती

नेपालगञ्ज (बाँके) । बाँकेका सबै दमकललाई चौबीसै घण्टा परिचालन हुनेगरी तयारी अवस्थामा राखिने भएको छ । दमकलका चालक, त्यसमा प्रयोग हुने इन्धन, पानीसहित तयारी अवस्थामा राख्न जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाका आठ स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीका अनुसार दमकलको जनशक्तिको व्यवस्थापनमा खास ध्यान दिएको उल्लेख गर्दै चौबीसै घण्टा परिचालनका लागि दमकललाई तयारी अवस्थामा राखिएको छ । आठ स्थानीय तहमध्ये पाँच स्थानीय तहमा दमकल छैनन् । जिल्लाका तीन स्थानीय तहसँग मात्र दमकल छ । नेपालगन्ज उपमहानगरपालिकामा तीन, कोहलपुर नगरपालिका र नरैनापुर गाउँपालिकामा एक-एकओटा दमकल रहेको छ ।

त्यसैगरी, नेपालगन्ज विमानस्थालमा दुई र नेपाल आयल निगम राँझामा एउटा मात्र दमकल छ । यही दमकलले जिल्लाभित्र र बाहिर आगलागी भएमा आगो निभाउँदै आएका छन् । बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले दमकलसँग सम्बन्धित व्यक्ति र सुरक्षा निकायको मुख्य समूहलाई फायर इमर्जेन्सी र फायर फाइटिङसम्बन्धी तालीमको व्यवस्था गर्न प्राविधिक सहयोगका लागि डिएलएसएले आवश्यक सहजीकरण गर्ने निर्णय भएको छ ।



**प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीका अनुसार दमकलको जनशक्तिको व्यवस्थापनमा खास ध्यान दिएको उल्लेख गर्दै चौबीसै घण्टा परिचालनका लागि दमकललाई तयारी अवस्थामा राखिएको छ ।**

जिल्ला विपद् व्यवस्थापन समिति बाँकेको बैठकले गर्मीयाम शुरू भएसँगै आगलागी तथा डढेलोका घटना बढ्ने जोखिम रहेकाले त्यसको नियन्त्रणका लागि विभिन्न गतिविधि सञ्चालन गर्ने निर्णय गरेको छ । आगलागी तथा डढेलोका कारण धनजनको क्षति हुन सक्ने जोखिमलाई ध्यानमा राखेर रोकथाम प्रभावकारी बनाउन डिभिजन वन कार्यालयले कार्ययोजना निमार्ण गरी लागू गर्ने, प्रचारप्रसार तथा सचेतना अभियान सञ्चालन गर्ने, पूर्वतयारी तथा जोखिम न्यूनीकरणका लागि विभिन्न वन कार्यालयले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको समन्वयमा आगलागी नियन्त्रणका सामग्रीको व्यवस्थापन गर्ने, जिल्लास्थित सबै स्थानीय तहले आगलागी तथा डढेलोको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न भाषामा जनचेतनामूलक सन्देश तयार गरी प्रकाशन तथा प्रसारणमार्फत जनचेतना बढाउने निर्णय गरिएको आपत्कालीन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रूपन ज्ञवालीले जानकारी दिए ।

सो बैठकले यही चैत २७ गते राति आएको हुरीबतास तथा २७ र २८ गते भएको वर्षाले पुऱ्याएको क्षतिबारे बैठकमा जानकारी आदानप्रदान गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिमार्फत २०८१ पुसदेखि हालसम्म आगलागीबाट प्रभावित छ घरपरिवारलाई रू. ३५ हजार ५०० राहत रकम वितरण भएको र डुडुवा गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय वनकट्टी (ख)मा रहेको भवनमा क्षति भएकाले जिल्ला विपद् व्यवस्थापन समितिको मौज्दातमार्फत दुई थान टेन्ट र चार थान त्रिपाल उपलब्ध गराइएकाले उक्त राहत रकम तथा सामग्री वितरण कार्यलाई बैठकले अनुमोदन गरेको छ । *रासस*

# कृषि उपजको बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालन




भोजपुर । भोजपुरको पौवादुङमा गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । किसानले उत्पादन गरेको कृषि उपजको सहज बजारीकरणका लागि गाउँपालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो । गाउँपालिकाले कृषिमा जोड दिएकाले किसानले उत्पादन गरेका कृषि उपजको सहज बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइएको गाउँपालिका अध्यक्ष किरण राईले बताए । उत्पादित वस्तुलाई सहज रूपमा बाहिरी जिल्लाका बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्सले सहजता थप्ने उनको भनाइ छ । 'गाउँपालिकाले कृषिमा जोड दिएको छ,' अध्यक्ष राईले भने, 'किसानले व्यावसायिक रूपमा विभिन्न नगदेबालीको खेती गरिरहेका छन्, गाउँपालिकाभित्र उत्पादन भएका सम्पूर्ण कृषि उपजको सहज बजारीकरणका लागि एम्बुलेन्स सञ्चालनमा ल्याएका हौं ।'

गाउँपालिकाले किवी, अकबरे खुर्सानीलगायत अन्य विभिन्न नगदेबालीको खेतीमा अनुदानका कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । धेरै किसान व्यावसायिक रुपमा कृषिमा लागेकाले यहाँ उत्पादन भएका वस्तुको बजारीकरणमा टेवा पुऱ्याउने लक्ष्यले गाउँपालिकाले आफ्नै कृषि एम्बुलेन्स सञ्चालन ल्याएको उनको भनाइ छ । *रासस*

# 'कोरला नाकाबाट घरायसी प्रयोजनको सामान ल्याउन रोकिएको छैन'

मुस्ताङ । कोरला नाकाबाट घरायसी प्रयोजनका लागि चाहिने मालसामान ल्याउन कुनै रोकावट नभएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ । लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको संयुक्त आयोजनामा शुक्रवार लोमान्थाङमा भएको कोरला नाका व्यापार प्रवर्द्धनसम्बन्धी छलफलमा मुस्ताङ भन्सार कार्यालयले उक्त जानकारी दिएको हो ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालको उपस्थितिमा भएको छलफलमा मुस्ताङ भन्सार, अध्यागमन कार्यालय, प्रशासन, सुरक्षा निकाय, स्थानीय जनप्रतिनिधि र स्थानीय व्यापारीको उपस्थितिमा व्यापार प्रवर्द्धनमा हाल देखिएका समस्या र त्यसको समाधानको बाटो पहिल्याउन छलफल भएको थियो । मुस्ताङ भन्सार कार्यालयका प्रमुख करबिर गैरेले भन्सार कार्यालयमा स्थानीय कर्मचारी व्यवस्थापन गर्न समस्या भएको बताए ।

नाका खुले पनि मुस्ताङ कार्यालयमा आवश्यक जनशक्ति र पूर्वाधार नहुँदा कोरला नाकाबाट आयात गरिने सामानको राजस्व संकलन गर्न समस्या भएको प्रमुख गैरेले उल्लेख गरे । तर, व्यापारिक प्रयोजन छोडेर घरायसी सामान ल्याउन सरकारले नै व्यवस्था गरेकाले त्यस्ता सामान ल्याउन भन्सार कार्यालयले कुनै बाधा नपुऱ्याउने उनले बताए ।

भन्सारको पूर्वाधार नभएको र तत्कालको अवस्था व्यापारिक प्रयोजनका लागि सामान ल्याउन दिँदा अवैध गतिविधि बढ्ने सम्भावना रहेको भन्सार प्रमुख गैरेको भनाइ छ । प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले कोरला नाकाबाट व्यापार सहज बनाउन भन्सार कार्यालयले ध्यान दिनुपर्ने बताए । कोरला नाका व्यापार प्रवर्द्धनसम्बन्धी बसेको छलफलमा (नेपाल-चीन) दुई देशबीचको कोरला नाकाबाट सामान ल्याएर व्यापार शुरू गर्ने र स्थानीय व्यापारीको समस्या समाधान गर्नका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय भएको लोमान्थाङ गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत विकास केसीले जानकारी दिए ।

यसैगरी कोरला नाकाको व्यापार सहजीकरणका लागि भन्सार, अध्यागमन कार्यालयको सञ्चालन गर्ने र भन्सार कार्यालयसँग सम्बन्धी अन्य कार्यालयको स्थापना गर्न पहल गर्ने निर्णय गरिएको छ । यस्तै उपल्लो मुस्ताङको सीमावर्ती गाउँपालिकामा स्थानीय व्यापारीलाई सहज रूपमा व्यापार गर्ने कार्यका लागि सहजीकरणको पहल गर्ने निर्णय भएको छ । कोरला नाका २०८० कार्तिक २७ गतेदेखि उपल्लो मुस्ताङका नागरिकका लागि बाह्रै महिना खुल्ला भएको हो । *रासस*

# धान लगाउने खेतमा माछापालन

त्रिवेणी (नवलपरासी) । वन्यजन्तुले बालीनालीमा क्षति पुऱ्याएपछि मध्यवर्ती वन सीमासँग जोडिएका किसान माछापालनतर्फ लागेका छन् । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रबाट आउने वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि यहाँका कतिपय किसान माछापालनतर्फ लागेका हुन् ।

कावासोती नगरपालिका-७, साँढका सडककुमार चौधरीले आफूले पहिले धान खेती गर्दै आएको जमीनमा पोखरी खनेर माछापालन गर्दै आएको बताए । धानलगायतका अन्य बाली राम्रो हुने भए पनि भित्र्याउने समयसम्म मध्यवर्ती वनबाट आउने वन्यजन्तुले सबै क्षति पुऱ्याउन थालेपछि टोलका सबैले सल्लाह गरी पोखरी खनेर माछापालन शुरू गरेको उनले बताए ।

'पहिला धान राम्रै फल्थ्यो, जनावरले खाएर सखाप पार्न थालेपछि पोखरी खनेर माछा पाल्न थालेका हौं,' चौधरीले भने । पोखरी खन्न मध्यवर्ती सामुदायिक वनले समेत सहयोग गरेको हो । माछापालनबाट राम्रै आम्दानी गर्न सकिने गरेको चौधरीले बताए ।

यहाँका रामनगर, साँढ र गैरी टोलका प्रायः सबैले



**नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रबाट आउने वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि यहाँका कतिपय किसान माछापालनतर्फ लागेका हुन् ।**

माछापालन गरेका छन् । वन सीमासँग जोडिएका यी टोलमा मात्र करिब १०० पोखरी रहेको कावासोती नगरपालिका-७ का वडाध्यक्ष गोविन्दप्रसाद महतोले बताए । वन्यजन्तुले लगाएको बाली खाएर सताएपछि पोखरी खनेर माछा पालन गर्न थालेका स्थानीयको आम्दानीको माध्यम पनि माछापालन भएको छ ।

'वन्यजन्तुले बालीनाली खान्थ्यो, अब माछा खानेकुरा भएन, राम्रो नै रहेको छ, केहीले आम्दानीसमेत धेरै राम्रो गरेका छन्,' वडाध्यक्ष महतोले भने । वडाले गत वर्ष ५० प्रतिशत अनुदानमा माछाको दानासमेत उपलब्ध गराएको उनले बताए ।

कावासोती नगरपालिका पशुपन्छी विकास शाखाका प्रमुख डा. टेकराज पौडेलका अनुसार पालिकाको मध्यवर्ती सामुदायिक वनसँग जोडिएका वडामा माछापालन गर्ने किसान बढिरहेका छन् । वन्यजन्तुले बालीमा क्षति पुऱ्याउँदा त्यसको विकल्प र उक्त क्षेत्रमा पानीको राम्रो स्रोत भएकाले समेत माछापालन गर्ने किसान बढ्दो रहेको उनले बताए ।

पालिकाका वडाहरू ७, १०, ११, १३, १४, १५, र १७ माछा पकेट क्षेत्रका रूपमा रहेको शाखा प्रमुख डा. पौडेलले बताए । कावासोतीमा माछाको उत्पादन बढ्दै गएको उनले बताए । 'कावासोती नगरपालिकामा पछिल्लो समय माछापालन गर्ने किसान बढ्दै गएका छन्, उनीहरूले आम्दानी पनि राम्रो लिने गरेका छन्, पालिकाले पकेट क्षेत्र घोषणा गरी त्यसमा केही सहयोग समेत पुऱ्याउँदै आएको छ,' शाखा प्रमुख डा. पौडेलले भने ।

कावासोती नगरपालिकाले माछापालन गर्ने किसानलाई मत्स्य यन्त्रीकरण सहयोग कार्यक्रम राखेर मोटर, एरिएटर, जाललगायतका सामग्री ७५ प्रतिशत अनुदानमा उपलब्ध गराएको, समय समयमा माछाको भुरा अनुदानमा उपलब्ध गराउनेलगायत सहयोग गर्दै आएको शाखा प्रमुख डा. पौडेलले बताए ।

अहिले पनि साना माछा पोखरीको डिल भत्किने समस्या हुने हुँदा त्यसको सुरक्षाका लागि ट्रिपोलिन प्लास्टिक वितरण गर्न लागिएको शाखा प्रमुख डा. पौडेलले बताए । *रासस*

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

**खुला तथा समावेशी लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धि सूचना**

(सूचना प्रकाशन मिति २०८१/१२/३१)

यस बैंकको आ.व. २०८०/८१ को वार्षिक रणनीति तथा बजेटमा स्वीकृत कर्मचारी दरबन्दी अनुसार रिक्त हुन आएका पदहरुमा **खुला तथा समावेशी लिखित परीक्षा**द्वारा पदपूर्ति गर्नका लागि मिति २०८०/११/११ मा प्रकाशित सूचना अनुसार वि.नं. १६/२०८०-८१ र वि.नं. १७/२०८०-८१ को लागि लोक सेवा आयोगबाट संचालित लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये उत्तिर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा लोक सेवा आयोगवाट पत्र मार्फत लेखि आएकोले अन्तर्वार्ता कार्यक्रम सहितको सूचना बैंकको Website (www.adbl.gov.np) मा मिति २०८१/१२/३१ गते आईतवार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

**Yangwarak Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Tharpu, Panchthar**

**Invitation for Online Sealed Quotation Bids**

**Second Date of publication: - 2082/01/01 (14th – April 2025)**

**Yangwarak Rural Municipality, Tharpu, Panchthar,** invites electronic bids from eligible Nepalese bidders under Sealed Quotation Bidding with a single sealed envelope procedure.

| S.N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT) | Bid Security (NRs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Yangwarak Gate | YRM/SQ/WORKS/No-01-2081/082 | 19,98,241.26 | 50,000.00 | 1,000.00 | On or before 12:00 Noon, 2082/01/16 (29th April. 2025) | 13:00 on 2082/01/16 (29th April. 2025) | 45 Days |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Yangwarak Rural Municipality, Tharpu, Panchthar, Facsimile no: 9849717613** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Hearty Congratulations!
सिद्धार्थ प्रिमियर इन्स्योरेन्स
Siddhartha Premier Insurance
TRUST AND SECURITY
on its glorious 32nd Anniversary

C-Mech Consultancy Pvt. Ltd.
(Delivering Trust to Insurance Sector since 2058)
01-4541180, 9851122588
www.cmech.com.np

Lalit K.C.
Insurance Surveyor
Badikhel, Godawari Municipality
Ward No: 4, Lalitpur
Tel: 5226118, Mobile: 9851050383
E-mail: kclt31@yahoo.com
badikhel@yahoo.com

SATA ENGINEERING ASSOCIATES Pvt. Ltd.
Consulting Engineers, Insurance Surveyors, Loss Adjustors & Valuers
Mid Baneswore, Kathmandu
Tel: 4585825
E-mail: sataengassoc@gmail.com
Mobile: 9851034320 (S.C. Saakha)

ASIA MEDITECH
Asia Meditech Solutions Pvt. Ltd.
Kathmandu, Nepal Tel: 015244845

ROBIN ENGINEERING PVT. LTD.
ER. SANJAY K. YADAV
MAITIDEVI, KATHMANDU
MOB: 9851110750

Er. Sunny Pradhan
Kashvi Engineering & Consultancy Pvt. Ltd.
M: 9855081648
Rijal Chowk, Bharatpur-10, Narayanghad, Chitawon

ER, DINESH YADAV
JALPA TECHNICAL & MANAGEMENT SERVICES (P.) LTD.
(Insurance Surveyor, Loss Assessor & Valuator)
ANAMNAGAR, KATHMANDU
TEL: 01-5909605
MOBILE: 9851204083
E-mail: jtmsforclaim@gmail.com
surveyorforclaim@gmail.com

ER. BISHWO RAM PARAJULI
SARA SOLUTIONS
BABARMAHAL, KATHMANDU
MOB: 9851017019

Er. Anil K Chaudhary
Insurance Surveyor
Biratnagar-13
Mob: 9851149097

## ‘ट्रान्सफर्मर एसयुभी’ दिपल ई०७ को डेलिभरी शुरू




काठमाडौं (अस) । एमएडब्ल्यू वृद्धि अटोकर्पले ‘ट्रान्सफर्मर एसयुभी’ भनेर दिपल ई०७ को औचपारिक डेलिभरी शुरू गरेको छ। अब ‘अटोमोटिभ इन्थुजियास्ट’ र ई०७ का ग्राहकले ट्रान्सफर्म गर्न सक्ने क्षमता भएको क्रान्तिकारी एसयुभीको ‘फस्टह्यान्ड’ अनुभव गर्न सक्ने भएका छन् ।

एउटा बटन थिच्नेबित्तिकै ‘लक्जरियस एसयुभी’बाट सजिलैसँग बहुउपयोगी ‘पिकअप ट्रक’ र ‘क्याम्पिङ भेहिकल’मा परिणत हुन सक्ने क्षमता भएको दिपल ई०७ ले सार्वजनिक भएपछि नेपाली अटोमोबाइल जगतमा गज्जबको उत्साह सञ्चार भएको बताइएको छ। ‘इन्डस्ट्री फर्स्ट’ फिचर, ‘कटिङ एड्ज’ प्रविधि र अद्वितीय पर्फर्मेन्स भएको ई०७ ले अटोमोबाइल क्षेत्रमा नयाँ मापदण्ड स्थापना गरेको कम्पनीको दाबी छ।


‘रियर ह्वील ड्राइभ’ र ‘अल ह्विल ड्राइभ’ दुवै भेरियन्टमा उपलब्ध हुने दिपल ई०७ ले बेजोड पावर र पर्फर्मेन्स दुवै प्रदान गर्ने बताइएको छ। हाललाई ‘रियर ह्विल ड्राइभ’को डेलिभरी शुरू भएको हो। ‘रियर ह्वील ड्राइभ’मा १९० किलोवाटको मोटर जडान गरिएको र जसले २५८ पीएस पावर र ३६५ एनएम टर्क उत्पन्न गर्ने बताइएको छ । यसमा ८९ दशमलव ९ किलोवाट आवरको ब्याट्री रहेको छ, जसले सिंगल चार्जमा ५६६ किलोमिटरको रेन्ज दिन्छ। एमएडब्ल्यू वृद्धिका प्रमुख कार्यकारी अधिकृत रूपेश शर्मा भट्टले बुकिङ गरेका ग्राहकको पहिलो ब्याचलाई डेलिभरी दिइसकेको बताए ।

## वार्षिकोत्सवमा सिटिजन्स बैंकको छूट योजना

काठमाडौं (अस) । डिजिटल बैंकिङलाई उच्च प्राथमिकतामा राख्दै आएको सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको उपलक्ष्यमा डिजिटल बैंकिङ कारोबारमा आकर्षक छूट योजना सार्वजनिक गरेको छ।

बैशाख ७ गतेको मनाइने वार्षिकोत्सवका अवसरमा बैंकले बैशाख १ गते देखि वैशाख ३१ गतेसम्म १ महीनाको लागि लागू हुने गरी विभिन्न सेवा सुविधामा भारी छूट तथा क्यासब्याक, लगायतका योजना सार्वजनिक गरेको हो । सो योजनाअन्तर्गत डेबिट कार्ड प्रयोगकर्ताले पहिलो पटक पोस मेसिन वा अनलाइनमार्फत रू. १ हजार वा बढीको कारोबार गर्दा १८ प्रतिशत वा बढिमा रू १८० क्यास ब्याक दिइने छ। यसैगरी सिटिजन्स मोबाइल बैंकिङ मार्फत क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्ने ग्राहको लागि पनि रू. ५०० वा बढीको कारोबार गर्दा १८ प्रतिशत वा बढीमा रू. १८० क्यासब्याक प्रदान गरिने बताइएको छ। साथै फोन पे मर्चेन्टले आफ्नो व्यावसायिक कारोबार रकम क्यूआरमार्फत प्राप्त गर्दा प्रत्येक दिन एक जना मर्चेन्टलाई रू. १ हजार ८०० सम्म क्यासब्याक प्रदान गरिने बताइएको छ।

साथै बैंकले योजना अवधिभरमा ई-कम कार्ड लिई पहिलो पटक टपअप गर्दा सो टपअपमा शुल्क नलाग्ने, निःशुल्क डिम्याट खाता खोलिदिने व्यवस्था, स्मार्ट बचत खाता खोली पहिलो पटक मोबाइल बैंकिङमार्फत मोबाइलमा रिचार्ज गर्दा १५ प्रतिशत वा बढीमा रू. ५० क्यासब्याक उपलब्ध हुने बताइएको छ । सो अवसरमा एक जना मोबाइल बैंकिङ प्रयोगकर्तालाई निःशुल्क माउन्टेन फ्लाइट टिकट प्रदान गरिने बताइएको छ। वैशाख महीनाभर भर्चुअल क्रेडिट कार्ड जारी गर्दा पहिलो बर्षको जारी शुल्कमा पनि ५० प्रतिशत छूटको व्यवस्था रहेको छ।



तस्वीर : रासस

**संखुवासभा र भोजपुरको उत्तरी क्षेत्रलाई जोड्ने अरुण नदीको सतीघाटमा फेरीको सहायताबाट आइतवार बिहान सवारीसाधन तारिँदै । अरुण नदीमा मोटरेबल पुल बन्न नसक्दा भोजपुरको उत्तरी क्षेत्रका स्थानीयवासीलाई फेरी सञ्चालनपछि सामान ढुवानी र वारपार गर्न सहज भएको छ ।**

## म्याकडोडो ब्रान्डका ५ नयाँ प्रोडक्ट सार्वजनिक

काठमाडौं (अस) । विश्वप्रसिद्ध एसेसरिज ब्रान्ड ‘म्याकडोडो’ले नेपाली बजारमा पाँच नयाँ प्रडक्ट सार्वजनिक गरेको छ। म्याकडोडोले सीएच-४११० स्मार्ट चार्जर, सीएच-४०२०२४०२१ पोर्टेबल फास्ट चार्जर, एचपी-४४९० इयरबड, एचपी-१४४० हेडफोन तथा बीएस-१४१० वायरलेस स्पीकर सार्वजनिक गरेको हो। सीएच-४११० मोडेलको स्मार्ट चार्जरमा लचिलो केबुल भएकाले सजिलै फोन चार्ज गर्न सकिने कम्पनीको भनाइ छ । कम्पनीका अनुसार यसमा जीएएन टेक्नोलोजी प्रयोग गरिएको छ, जसले गर्दा फोन छिटो र सुरक्षित तरीकाले चार्ज हुने गरेको छ । यो चार्जरको मूल्य ६ हजार १ सय रुपैयाँ तोकिएको छ।

म्याकडोडोको सीएच-४०२०-४०२१ पोर्टेबल फास्ट चार्जरमा २० वाटको १सी फास्ट चार्जिङ प्रविधि रहेको कम्पनीले जनाएको छ, यसले ८ देखि १४ सिरिजसम्मका आईफोनलाई ४ गुणासम्म छिटो चार्ज गर्छ। सेतो र कालो गरी दुई रङमा उपलब्ध यो चार्जरको मूल्य २ हजार १ सय रुपैयाँ रहेको कम्पनीको भनाइ छ।

त्यस्तै एचपी-४४९० मोडेलको स्लिप मोड इयरबड सार्वजनिक गरेको छ । यसमा ६ घण्टाको प्लेब्याक टाइम रहेको र चार्जिङ केसको प्लेब्याक टाइम २१ घण्टा रहेको कम्पनीको भनाइ छ । यसमा १२ महीनाको वारेन्टी रहेको र यसको मूल्य ३ हजार ४ सय रुपैयाँ तोकिएको छ ।

त्यस्तै एचपी-१४४० हेडफोनमा एक्टिभ नोइज क्यान्सिलेसन प्रविधि रहेको कम्पनीले जानकारी दिएको छ। यसबाट उत्कृष्ट म्युजिक वा गेमिङको आनन्द लिन सकिने कम्पनीको भनाइ छ। यसमा ६० देखि ७० घण्टाको ब्याट्री लाइफ छ भने एक्टिभ नोइज क्यान्सिलेसन मोडको टाइम ३० देखि ३५ घण्टा छ।


त्यस्तै बीएस-१४१० मोडेलका पोर्टेबल वायरलेस स्पिकर पनि सार्वजनिक गरिएको छ । आइपीएक्स४ वाटरप्रुफ, ह्यांगिङ स्ट्याप, डायाफाम, डुअल फाइभ डब्लु स्पिकर, ५.१ ब्लुटुथ, १२०० एमएएच लगायत विशेषता उक्त वायरलेस स्पीकरमा छ । यसमा पनि १२ महीनाको वारेन्टी रहेको कम्पनीको भनाइ छ। यसको मूल्य



५ हजार ४ सय रुपैयाँ रहेको छ।

म्याकडोडोले नयाँ वर्षलाई लक्षित गर्दै वैशाख १ देखि १० गतेसम्म यी ५ प्रडक्टमा १० प्रतिशत छूट दिने जानकारी दिएको छ। ग्राहकले देशभरि रहेका विभिन्न खुद्रा विक्रेता पसल, अनलाइन मार्केटप्लेस दराज तथा खल्ती एपबाट म्याकडोडोका एसेसरिज सजिलै खरीद गर्न सक्नेछन् । नेपालका लागि उक्त ब्रान्डको आधिकारिक विक्रेता एडुटेक इन्टरनेसनल प्रालि छ।

## बन्दीपुरमा आन्तरिक पर्यटकको घुइँचो



दमौली (तनहुँ) । नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटकीय नगरी बन्दीपुरमा आन्तरिक पर्यटकको घुइँचो लागेको छ। पहाडकी ‘रानी’ नामले परिचित बन्दीपुरमा नयाँ वर्ष मनाउने आन्तरिक पर्यटकको घुइँचो बढेको हो ।

‘बन्दीपुर भ्रमण वर्ष-२०२५’ चलिरहेका बेला आन्तरिक पर्यटकको चहलपहल बढेपछि पर्यटन व्यवसायी उत्साहित भएका छन् । बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले नयाँ वर्ष मनाउन पर्यटकको आगमन बढेपछि कारोबार पनि वृद्धि भएको बताए ।

यसअघि दैनिक करीब एक हजार आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकामा पछिल्लो दुई दिनयता आगन्तुकको संख्या बढेर दैनिक दुई हजार पुगेको उनले जानकारी दिए । ‘दुई हजार जनाले बास बस्नेसक्ने क्षमता यहाँका होटलको छ । तर, पछिल्लो दुई दिनदेखि यहाँका सबै होटल भरिभराउ भएका छन्,’ उनले भने ।

नयाँ वर्ष लक्षित पर्यटकको आगमन दोब्बरले बढेको जनाउँदै अध्यक्ष प्रधानले अहिले यहाँका होटलले १५ प्रतिशत छूटको व्यवस्था गरेको जानकारी दिए । उनले भने, ‘नयाँ वर्षमा यहाँ आयोजना गरिएको स्थानीय परिकारका खानाको महोत्सवले पनि पर्यटकको आगमन बढाएको हो। शनिवारदेखि यहाँ पर्यटकको चहलपहल बढेको छ ।’ अन्य समयमा घुमेर फर्किने पर्यटक बढी हुने गरेकामा नयाँ वर्षमा बास बस्न आउनेको संख्या वृद्धि भएको उनको भनाइ छ।

अध्यक्ष प्रधानका अनुसार नयाँ वर्षलाई लक्षितगरी बन्दीपुरमा दुई हजारभन्दा बढी पर्यटक आइपुगेका छन् । यहाँ आएकामध्ये ८० प्रतिशत बास बसेका छन् । यस वर्ष यहाँ दुई लाख १० हजार पर्यटक आएकामध्ये ६० बाह्य र एक लाख ५० हजार आन्तरिक पर्यटक रहेका बन्दीपुर भ्रमण वर्ष सचिवालयले जनाएको छ।

बन्दीपुर सामुदायिक होमस्टेकी दिलकुमारी थापाले नयाँ वर्षको आगमनसँगै आन्तरिक पाहुँनाको आगमन बढेको बताइन्। उनले भनिन्, ‘होमस्टेमा पारिवारिक हिसाबले बस्न पाइने भएकाले पनि आन्तरिक पाहुना होमस्टेमा बस्न रुचाउँछन् ।’

यहाँ होटल संघसँग आवद्ध सानाठूला गरी ७ होटल सञ्चालित छन् । यहाँ शनिवारदेखि स्थानीय जातका (रैथाने) खाना महोत्सव शुरू भएको छ। महोत्सव आगामी वैशाख २ गतेसम्म सञ्चालन हुनेछ।

यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न सांस्कृतिक महोत्सव आयोजना गरिएको भ्रमण वर्षका संयोजक वैशबहादुर गुरुङले बताए । उनले भने, ‘भ्रमण वर्ष घोषणा गरेर हामी यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा जुटेका छौं । सन् २०२५ भर यहाँ विविध कार्यक्रम आयोजना गरी यस क्षेत्रको प्रचारप्रसार गर्नेछौं ।’

महोत्सवमा मगर, नेवार, गुरुङ, ब्राह्मणलगायत अन्य जातजातिका सांस्कृतिक नाचलाई सडक खाना महोत्सवमा समावेश गरिएको बन्दीपुर भ्रमण वर्षका प्रचारप्रसार संयोजक राजु बानियाँले जानकारी दिए।

उनका अनुसार बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीट्जरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आएका छन्।

बन्दीपुरमा हाल वार्षिक एक लाख पर्यटक आउने गरेकोमा सो संख्या दोब्बर बनाउने लक्ष्यसहित भ्रमण वर्ष सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए । उनका अनुसार खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख पर्यटकीय गन्तव्यका रूपमा सूचीकृत गरेको छ। भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकको रोजाइमा पर्ने अध्यक्ष थापाले उल्लेख गरे। *रासस*

## विद्युतीय दुर्घटनाबाट मृत्यु हुनेका परिवारलाई १० लाखसम्म राहत

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा १० लाख रुपैयाँसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । प्राधिकरण सञ्चालक समितिको ९९५औं बैठकले विद्युतीय दुर्घटनाका कारण कर्मचारी वा सर्वसाधारणको मृत्यु भएमा आफन्तलाई १० लाख रुपैयाँसम्म राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो।

प्राधिकरणमा हालसम्म विद्युतीय दुर्घटनामा परी मृत्यु भएका कर्मचारीको हकमा बढीमा ५ लाख रुपैयाँ राहत र परिवारका सदस्यलाई तीन तहसम्मको रोजगारी दिने व्यवस्था थियो । सर्वसाधारणको हकमा बढीमा ५ लाख रुपैयाँसम्म राहत दिने व्यवस्था गरेको थियो।

बैठकले विद्युत् वितरण विनियमावली २०७८ लाई संशोधन गरी उपभोक्ताको असन्तुष्टिसम्बन्धी पुनरावेदन प्रक्रियामा उल्लेखनीय सुधार गर्ने निर्णय गरेको छ। कुनै उपभोक्तालाई आफूले प्रयोग गरेको विद्युत् महशुलमा चित्त नबुझे पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी रकम २५ प्रतिशतबाट घटाएर ५ प्रतिशतमात्र कायम गर्ने निर्णयसमेत गरेको छ।

सर्वसाधारणले विद्युत् उपभोग गरेबापत प्राधिकरणले लगाउने महशुलमा पटकपटक चित्त नबुझेको व्यापक गुनासा आउने गरेको छ । यो निर्णयले सर्वसाधारणमाथि पर्ने आर्थिक दबाब घट्ने र विद्युत् प्राधिकरणप्रति नागरिकको विश्वास बढ्ने अपेक्षा गरिएको छ । बैठकले प्राधिकरणसँग सेवा प्रवाहको सम्झौता गरेका तर गुणस्तरीय सेवा दिन नसकेका संस्थाहरूको नवीकरण खारेज गर्ने निर्णय गरेको छ । प्राधिकरणको सेवालाई थप व्यवस्थित बनाउन राष्ट्रिय ग्रिड विस्तार भएको क्षेत्रमा प्राधिकरण आफैले सेवा प्रदान गर्ने निर्णय गरेको हो । गुणस्तरीय सेवा प्रदान गर्ने संस्थाहरुको मूल्यांकन गरी आवश्यकतानुसार सम्झौतालाई निरन्तरता दिने भएको छ । बैठकले ऊर्जा मन्त्रालयका सचिवको संयोजकत्वमा प्रशासकीय पुनरवलोकन समिति गठन गर्ने निर्णय पनि गरेको छ। चार सदस्यीय उक्त समितिमा प्राधिकरणका उपकार्यकारी निर्देशक, विद्युत् विकास विभागका विज्ञ, प्राधिकणका कार्यकारी निर्देशक सदस्यसचिव रहनेछन्। *रासस*

## पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्नुपर्छ : मुख्यमन्त्री पाण्डे

दमौली (तनहुँ) । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्नुपर्नेमा जोड दिएका छन् । बन्दीपुरमा आइतवारदेखि शुरू भएको १२औं सांस्कृतिक तथा महोत्सवको उद्घाटन गर्दै उनले बन्दीपुर पर्यटकीय सम्भावना बोकेको पालिका भएकाले पर्यटनलाई समृद्धिसँग जोड्नुपर्ने बताए।

प्रदेशको राजधानी पोखरापछिको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा बन्दीपुर विकास भइरहेको चर्चा गर्दै उनले बन्दीपुरको पर्यटन विकासका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए । मुख्यमन्त्री पाण्डेले भने, ‘पर्यटनलाई स्थानीयको आयआर्जनसँग जोड्नुपर्छ । त्यसका लागि पालिकासँग मिलेर के गर्न सकिन्छ हामी सहयोग गर्छौं ।’ बन्दीपुर भ्रमण वर्ष सफल बनाउन र नयाँ वर्षमा बन्दीपुरमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न सांस्कृतिक महोत्सव आयोजना गरिएको बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक वैशबहादुर गुरुङले बताए। *रासस*

## भृकुटीमण्डपमा ‘यामाहा ब्लु फेस्ट’



काठमाडौं (अस) । भृकुटीमण्डपमा दुई पांग्रे एक्स्चेन्ज महोत्सव ’यामाहा ब्लु फेस्ट’ चलिरहेको छ। उक्त उत्सवमा कुनै पनि ब्रान्डको मोटरसाइकल वा स्कुटर सहज रूपमा एक्स्चेन्ज गर्न सकिने विशेष अवसर प्रदान गरिएको एमएडब्लु राइड्सका सीईओ तथा कार्यकारी निर्देशक दीपक कुमार अग्रवालले जानकारी दिए।

एमएडब्लु इन्टरप्राइजेजका प्रबन्ध निर्देशक विष्णुकुमार अग्रवाल र एमएडब्लु राइड्सका सीईओ तथा कार्यकारी निर्देशक दीपककुमार अग्रवालले गत बिहीवार उक्त उत्सवको उद्घाटन गरेका थिए।

उक्त उत्सवमा विभिन्न अफरहरू सार्वजनिक गरिएका छन् । प्रदर्शनीमा नेपालकै सबैभन्दा बढी माइलेज दिने स्कुटर रेडेडआर १२५ एफआई प्रमुख आकर्षण रहने बताइएको छ । यस्तै, आर१५ भि४, एमटी-१५ भि२, एरोक्स १५५, एफजेड भी३ सिरिज, र डब्लुआर १५५ आर जस्ता मोडेलहरू पनि प्रदर्शनीमा राखिएका छन्। यी मोडलले शहरी सवारीसाधन खोज्ने ग्राहकदेखि अफ-रोड रोमाञ्चक यात्रा मन पराउनेहरूको आवश्यकता पूरा गर्ने कम्पनीको भनाइ छ।

## डढेलोबाट करीब एक सय हेक्टर वनमा क्षति



म्याग्दी । यस वर्ष डढेलोका कारण जिल्लामा करिब एक सय हेक्टर वनमा क्षति पुगेको छ । जिल्लामा रहेका २८ सामुदायिक वनको ९९ हेक्टर क्षेत्रफलमा डढेलोले क्षति पुऱ्याएको डिभिजन वन कार्यालयले जनाएको छ।

कार्यालयका वन अधिकृत विनयबहादुर अधिकारीले सबैभन्दा बढी धवलागिरि गाउँपालिकास्थित नौ ओटा सामुदायिक वनमा डढेलो लागेको जानकारी दिए । उनकाअनुसार मालिका गाउँपालिकाको चार, मंगला गाउँपालिकाको दुई, रघुगङ्गा गाउँपालिकाको चार, अन्नपूर्ण गाउँपालिकाको ६ र बेनी नगरपालिकाको तीनओटा सामुदायिक वनमा डढेलो लागेको छ।

‘विगतका वर्षका तुलनामा यस वर्ष ढडेलो कम लागेको छ,’ अधिकारीले भने, ‘शुक्रवार र शनिवारको वर्षाले पछिल्लो पटक वनजङ्गलमा लागेको डढेलो निभाएकाले मौसम सफा र सुन्दर देखिएको छ ।’ घाँस पलाउने बहानामा, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलो लाग्ने गरेको उनको भनाइ छ।

गोठालाहरूले राम्रो घाँस पलाउँछ भनेर जङ्गल र भिरमा आगो लगाउने गरेका भन्दै वन अधिकृत अधिकारीले सिकारीहरूले वन्यजन्तु र पन्छीलाई भगाउन पनि डढेलो लगाउने गरेको पाइएको उल्लेख गरे। उनकाअनुसार जिल्लामा दुई लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल वनले ओगटेको छ।

अधिकारीले ३६ दशमलव ७६ प्रतिशत वन, एक दशमलव ८५ प्रतिशत झाडी र २१ दशमलव २७ प्रतिशत चरन क्षेत्र रहेका जानकारी दिए । उनकाअनुसार जिल्लामा तीन सय १० सामुदायिक वन उपभोक्ता समूह छन्।

वन डढेलो नियन्त्रणका लागि समुदायमा आधारित वन व्यवस्थापनसम्बन्धी कार्यक्रम गर्ने, डढेलो नियन्त्रण सञ्जाल गठन गर्ने, अग्निरेखा निर्माणलगायत काममा आवश्यक सहजीकरण गर्नुका साथै सुरक्षा निकायलाई आवश्यकपर्ने सामग्री सहयोग गरिएको डिभिजन वन अधिकृत विष्णु अधिकारीले जानकारी दिए। *रासस*

## परराष्ट्रमन्त्रीसहित १५ देशका राजदूत कन्याममा



इलाम । नयाँ वर्षको अवसरमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवासहित नेपालका लागि विभिन्न देशका १५ राजदूत कन्याम आइपुगेका छन् । परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्डको आयोजना तथा इलामको सूर्योदय नगरपालिकाको समन्वयमा अनौपचारिक भ्रमणअन्तर्गत उनीहरू आइतवार कन्याम आइपुगेका हुन्।

परराष्ट्रमन्त्री डा देउवाको नेतृत्वमा परराष्ट्र मन्त्रालयका सचिव अमृत राईसहितका कर्मचारी, बोर्डका कर्मचारी, १५ देशका राजदूतलागयत ४५ जना उच्च अधिकारीले कन्याम भ्रमण गरेका हुन् । टोलीलाई नगरपालिकाले कन्याममा स्वागत गरेर वडा नं ४ स्थित श्रीअन्तु पुऱ्याएको थियो । अतिथिलाई कन्याममा पञ्चैबाजाले स्वागत गरिएको थियो।

परराष्ट्र मन्त्रालयले वार्षिक कार्यक्रमअन्तर्गत राजदूतलाई मुलुकका पर्यटकीय गन्तव्यको भ्रमण गराएको हो। प्रतिनिधिमण्डलमा इजिप्ट, दक्षिण कोरिया, बेलायत, स्वीट्जल्याण्ड, थाइल्याण्ड, अष्ट्रेलिया, फ्रान्स, इजरायल, जापानलगायत देशका राजदूत छन्। *रासस*

कान्तीपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड
Kantipur Pharmaceuticals Lab Pvt. Ltd.
Corporate Office :- KVD Complex 6th Floor, Balkumari, Lalitpur, Nepal, PIN 44700, Website : www.kantipurpharma.com

**बिषेश साधारण सभाको सूचना**

यस कम्पनीको मिति ०८१/१२/२९ मा बसेको सञ्चालक समितीको बैठकको निर्णय बाट यस कम्पनीको बिषेश साधारण सभा निम्न लिखित मिति समय र स्थानमा निम्न लिखीत बिषयहरु उपर छलफल गर्नकालागी बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुमा उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछौ।

**सभाहुने मिति, समय र स्थान :**
**मिति** : २०८२/०१/१६ गते
**समय** : दिउसो २.३० बजे।
**स्थान** : कम्पनिको रजिष्टर्ड कार्यालय।
**छलफलका बिषयहरु :**
**विशेष प्रस्ताव**
१. प्रवन्धपत्रको दफा ६ (ख),(घ) तथा (ङ) शंसोधन गर्ने सम्बन्धमा।
२. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**चरिकोट शाखा स्थानान्तरण गर्ने सम्बन्धी सूचना**

यस लक्ष्मी सन्राइज बैंक लि. को दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं. ६, चरिकोट स्थित शाखा कार्यालय मिति २०८२ वैशाख ७ गते देखि सोही नगरपालिकाको वडा नं. ३, सातदोबाटोमा स्थानान्तरण गर्न लागिएको हुँदा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
पो.ब.नं.: १९५९३, काठमाडौं, नेपाल
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

स्रोत निश्चित छन्, एक पक्षले मात्र जित्न सक्छ, अर्को पक्षले हार्नैपर्छ भन्ने सोचबाट धेरैजसो आर्थिक भ्रमहरू जन्मिन्छन् ।

**- मिल्टन फ्रीडम्यान**

सम्पादकीय

# आशामय बनोस् नयाँ वर्ष

विसं २०८१ ले नेपाली आँगनबाट बिदा लिएको छ र नववर्ष २०८२ को आगमन भएको छ । बितेको वर्ष आर्थिक र राजनीतिक रूपमा आशाजनक र उत्साहपूर्ण देखिएन । यद्यपि प्रमुख दुई राजनीतिक दलको सरकार बन्दा जनतामा आशाको केही सञ्चार भएको थियो । तर, सरकारको कार्यशैली र परिणाममुखी कामको अभावमा जनतामा झनै निराशा र आक्रोश बढ्न गएको छ । यसैबीच एउटा सकारात्मक काम भने भएको छ । त्यो हो : सरकारले आर्थिक सुधारका लागि उच्चस्तरीय आयोग गठन गरेर आवश्यक सुझाव लिनु ।

विगतका वर्षझैं गतवर्ष पनि सरकारको पूँजीगत खर्च निराशाजनक रह्यो । यसको अर्थ सरकारले विकास निर्माणका कामलाई गति दिन सकेन । चालू आर्थिक वर्ष (आव) को बाँकी अवधिमा खर्च त बढ्ला तर हतारमा आर्थिक वर्षको अन्त्यमा गरिने खर्चबाट दिगो पूर्वाधार बन्दैन, खर्च सक्ने काममात्रै हुन्छ भन्ने कुरा अघिल्ला वर्षहरूले देखाएका छन् । अर्थतन्त्रलाई गति दिने भनी प्रमुख दुई राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेले सत्ता साझेदारी गरे पनि अर्थतन्त्रमा उल्लेख्य सुधार आएको छैन, त्यसतर्फ सरकारले ठोस काम गरेको पनि देखिँदैन ।

नेपालको राजनीतिक उतारचढाव पनि यो वर्ष अलिक बढी नै भयो । राजतन्त्रको समर्थनका नाममा अराजक गतिविधि भयो । वास्तवमा यो विद्यमान सत्ताखेलप्रतिको असन्तुष्टिको आक्रोश हो । सरकारले परिणाम दिन नसक्दा जनता वर्तमान राजनीतिक प्रणालीप्रति नै असन्तुष्ट बन्न थालेका छन् ।

सरकारी आम्दानी नबढ्ने र खर्च बढिरहने प्रवृत्तिले गर्दा सरकारी वित्तमा असन्तुलन पैदा भइरहेको छ जसको समाधानका लागि ठूलै क्रान्तिकारी कदम चाल्नु आवश्यक छ । तर, दुई तिहाइ बहुमतको सरकार भएर पनि त्यसका लागि साहस देखाउन भने सरकार चुक्यो ।

अर्थतन्त्रको हालको समस्या माग र रोजगारी सृजना नहुनु हो । विगत २ आवमा यो समस्याले अर्थतन्त्रलाई गाँजेको पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदनमा उल्लेख छ ।

वर्षेनि ५ लाख जनशक्ति श्रम बजारमा प्रवेश गरे पनि केही हजारलाई मात्रै सरकारले रोजगारी दिन सक्छ । निजीक्षेत्रले त्योभन्दा धेरैलाई रोजगारी दिएको छ । तर, नेपालमा बेरोजगारीको समस्या चर्को छ । नयाँ उद्योगधन्दा खुलेमा र नवीन प्रविधि सिक्न सकेमा रोजगारी सृजना हुने हो । तर, यसमा सरकारको भूमिका खासै देखिएन ।

- **अर्थतन्त्र बलियो नभई न राजनीति बलियो हुन्छ न त मुलुक नै बलियो हुन्छ ।**
- **समृद्धिको यात्रामा लाग्न सबैलाई नयाँ वर्षले प्रेरणा र हौसला प्रदान गरोस् ।**

यद्यपि अध्यादेशका माध्यमबाट केही कानुनी सुधारको प्रयास भने सरकारले गरेकै हो । त्यसैगरी, पूर्वअर्थसचिव खनालको संयोजकत्वमा आयोग गठन भई यसको प्रतिवेदन आउनु निकै सकारात्मक कदम हो । यद्यपि यो काम निकै ढिलो गरी गरियो । आयोगले अर्थतन्त्रमा विद्यमान धेरै समस्यालाई सम्बोधन गर्नेगरी व्यापक सुधारका लागि सुझाव दिएको छ । आगामी आवको बजेट निर्माणमा सरकार जुटिरहेको सन्दर्भमा यी सुझावलाई बजेटमार्फत कार्यान्वयनमा लैजानु आवश्यक छ । नयाँ वर्षमा यो सुखद काम प्रारम्भ भयो भने त्यसले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्ने देखिन्छ ।

दलहरूको क्रियाकलापवाट आम मानिसहरूमा निराशाको स्थिति छ । खासगरी, मुख्य दलका शीर्ष नेतृत्वले कुनै आश जगाउन सकेका छैनन् । नयाँवर्ष २०८२ मा राजनीतिक नेतृत्वमा सम्भावना बोकेको तथा कार्य क्षमता भएका नयाँ नेतृत्व आएमा त्यसले अहिलेको निराशालाई चिरेर आशाको सञ्चार गर्न सक्छन् । अबको राजनीति त्यसतर्फ मोडिनुपर्छ । एकअर्कालाई गालीगलोज गर्नुभन्दा सहकार्य र सहमतिबाट आर्थिक रूपान्तरणतर्फ लाग्नुपर्छ । त्यस्तै मुलुकमा लगानीका नयाँ क्षेत्र खुल्नुपर्छ र लगानी बढ्नुपर्छ । नेपाली उत्पादन घरघरमा पुग्नुपर्छ । नयाँ वर्षले त्यो आशा र उत्साहको सञ्चार सबै राजनीतिक दल, व्यावसायिक संस्थाहरू र सर्वसाधारणमा गरोस् । वास्तवमा अर्थतन्त्र बलियो नभई न राजनीति बलियो हुन्छ न त मुलुक नै बलियो हुन्छ । त्यसैले समृद्धिको यात्रामा लाग्न सबैलाई नयाँ वर्षले प्रेरणा र हौसला प्रदान गरोस् । सबैमा नववर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना !

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## वैकल्पिक ऊर्जाको बीमा गर्ने विषयमा छलफल

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले वैकल्पिक ऊर्जासँग सम्बन्धित समग्र क्षेत्रको बीमा गर्ने विषयमा बीमा समितिसँग छलफल गर्ने भएको छ । एक हप्ताभित्रै समितिमा वैकल्पिक ऊर्जासम्बन्धी नीतिको मस्यौदामा छलफल गर्ने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यक्रम अधिकृत मनुविनोद अर्यालले बताए । 'सो मस्यौदा केन्द्रले तयार पारेकाले बीमा समितिसँगको छलफलपछि त्यसमा केही परिवर्तन हुन सक्छ,' उनले भने । यस्तो बीमाअन्तर्गत लघु जलविद्युत्, बायोग्यास, सुधारिएको पानीघट्ट, वायु ऊर्जा, सौर्य ऊर्जा सबैलाई समेटिएको छ ।

यो बीमाअन्तर्गत वैकल्पिक ऊर्जाका उत्पादनहरूको ढुवानी व्यवस्थासम्बन्धी, सामूहिक दुर्घटना तथा अग्नि र सामुद्रिक बीमा गरी तीन भागमा विभाजन गरिएको छ । केन्द्रले उक्त मस्यौदा तयार पार्ने क्रममा पनि बीमक सङ्घ, बीमा कम्पनी र बीमा समितिलगायतका सम्बन्धित पक्षसँग पक्षसँग छलफल गरेको अर्यालले बताए । सरकारले केन्द्रलाई करीब १ वर्ष अगाडि मस्यौदा तयार पार्न लगाए पनि सो विषय सेलाएपछि यो प्रक्रिया अगाडि बढ्न सकेको थिएन । कतैबाट पनि यस विषयमा सोधिखोजी नभएकाले केन्द्रले मस्यौदा बनाएर थन्काइराखेको थियो ।

वर्ष ८, अंक १५३, मङ्गलवार, ८ फागुन, २०६९

# गरीबीको पहिचान र अन्त्य

## परिचयपत्रको औचित्यमाथि प्रश्न



**मुलुकको २० प्रतिशत जनसंख्या अझै निरपेक्ष गरीबीको रेखामुनि रहेको देखाएकाले पनि गरीबी निवारणका लागि गरीब घर-परिवार र गरीबीका कारणको पहिचान गर्दै पहिचान भएका गरीबलाई गरीबीको रेखामाथि ल्याउने कार्यमा सबै पक्षको गहन योगदानको आवश्यकता छ ।**

**डा. लोकनाथ भुसाल**

गरीबी नेपालको प्रमुख समस्या हो । यसको निवारण चुनौतीपूर्ण कार्य हो । सरकारले यसलाई विकासको प्राथमिकतामा राखेको छ । गरीबी निवारणका लागि गरीबको पहिचान आवश्यक हुने भएकाले नेपाल सरकारले यसलाई अगाडि बढाएको छ । गरीब परिवारलाई पहिचान गर्ने तथा पहिचान भएका गरीब परिवारलाई परिचयपत्र वितरण गर्ने अनि गरीबीको रेखामुनि रहेका नागरिकका घरपरिवारलाई लक्षित गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले विसं २०६९ सालबाट गरीब पहिचान कार्यक्रमको शुरुआत गरिएको थियो । मुलुकको करीब एक-चौथाइ जनसंख्या गरीबीको रेखामुनि रहेको तत्कालीन अवस्थामा यो गरीबरहित नेपाल बनाउने असल प्रयास थियो । यसका लागि त्यसयताका १२ वर्षमा डेढ अर्बभन्दा बढी रकम सरकारले खर्च गरेको बताइन्छ । यो खर्च विभिन्न चरणमा ६४ जिल्लाका ८ लाख ८६ हजार गरीब परिवार पहिचान गर्न सर्वेक्षण गर्ने, तथ्याङ्क विश्लेषण गर्ने र यसका लागि प्रशासनिक कामका गरिएको हो । हालै केही विज्ञ र महालेखापरीक्षकको कार्यालय समेतले यो कार्यक्रम विफल हुन सक्ने मत जाहेर गरेको सन्दर्भमा यस आलेखमा गरीबीको पहिचान, परिचयपत्र वितरण र यसका विविध पक्षका बारेमा चर्चा गरिएको छ ।

२०६९ सालमा गरीब घरपरिवार समन्वय बोर्डको स्थापना गरी प्रारम्भ गरिएको यस कार्यक्रमको समग्र प्रगति भने सन्तोषजनक देखिँदैन । भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयबाट प्राप्त पछिल्लो विवरणअनुसार हालसम्म ६४ जिल्लामा गरीबहरूको पहिचान सम्पन्न भएको र बाँकी जिल्लाहरूको तथ्याङ्क सङ्कलन र प्रशोधनको काम भइरहेको अवस्था छ । यसका लागि बोर्डलाई खारेज गरी मन्त्रालयको एउटा शाखालाई नै स्थानीय तहसँगको समन्वयमा कार्य गर्ने जिम्मेवारी प्रदान गरिएको छ । गरीब घरपरिवारको वस्तुपरक तवरले पहिचान गर्न २०७५ सालमा गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका पनि जारी गरिएको छ । यसमा घरपरिवारको आम्दानी, जग्गा जमिनसहित विभिन्न नौओटा सूचकका आधारमा विपन्न परिवारको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ । निर्देशिकाअनुसार स्थानीय तहबाट सङ्कलन गरिएको तथ्याङ्कको विश्लेषण गरी गरीब परिवारलाई अतिगरीब, मध्यम गरीब र सामान्य गरीबमा वर्गीकरण गर्ने व्यवस्था छ ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरेपछि प्रकाशित प्रारम्भिक सूचीमा परेका उजुरीको छानबिन गरी सच्याउनुपर्ने प्रावधान पनि निर्देशिकामा रहेको छ । नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेपछि गरीब घरपरिवारले गरीबको पहिचानसहितको परिचयपत्र पाउने व्यवस्था छ । गरीबीको सघनताका आधारमा चरम गरीबले रातो कार्ड पाउँछन् भने मध्यम गरीबले पहेंलो कार्ड र सामान्य गरीबले नीलो कार्ड पाउँछन् । शुरूमा बोर्डमार्फत प्रश्नावली तयार गरेर सर्वेक्षण गरी २६ जिल्लामा १ लाख ८२ हजार अतिगरीब, १ लाख १९ हजार मध्यम गरीब र ८३ हजार सामान्य गरीब पहिचान काम गरिएको थियो । पछि मन्त्रालय आफैले जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरेर हालसम्म ६४ जिल्लाका गरीब घरपरिवारको विवरण तयार गरिएको छ । यसको सूचना व्यवस्थापन प्रणाली पनि स्थापना गरिएको छ । ती ६४ ओटा जिल्लामा कुल ३४ लाख ४५ हजारभन्दा बढी घरपरिवारबाट तथ्याङ्क सङ्कलन गर्दा ८ लाख ८६ हजारभन्दा बढी गरीब र २५ लाख ५९ हजार गैरगरीब घरपरिवार रहेको पाइएको छ ।

विसं २०७८ सालको जनगणना अगाडि सर्वेक्षण भएका जिल्लाहरूमा भने नयाँ कायम भएका घरपरिवारहरू समावेश भएको गुनासा पनि आएका छन् । पहिलो चरणका २६ जिल्लामा गरीब भनेर पहिचान भएका परिवारमा वास्तविक विपन्नहरू नपरेको गुनासो र गरीबीको रेखामुनि रहेका परिवारले भन्दा अन्य परिवारले परिचयपत्र पाएको भन्दै कतिपय स्थानीय तहमा उजुरीहरू पनि परेका थिए । यसबाट गरीब घरपरिवारको वस्तुगत तवरले पहिचान गर्ने काम कठिन भएको स्पष्ट हुन्छ ।

अहिले आएर परिचयपत्र वितरणमा भएको ढिलाइलाई लिएर कतिपय विज्ञहरूले यो कार्यक्रमको औचित्यमाथि नै प्रश्न उठाएका छन् । गरीब र गैरगरीब छुट्याइसकेपछि सरकारले दिने सहुलियतहरू केन्द्रित गर्न सकिने भएकाले स्रोतको दुरुपयोग नहुने भई थोरै खर्चमा गरीबी निवारण गर्न सकिने भनेर यो कार्यक्रम ल्याइएको थियो । तर, गरीबको पहिचान ढिला भएको, पहिचान वस्तुगत नभएको र परिचयपत्र पाएकाले पनि लक्ष्यित सेवासुविधा पाउने गरी यसलाई अन्य कार्यक्रमसँग आबद्ध गर्न नसकेकाले यस कार्यक्रमको प्रभावकारिता नभएको देखिन्छ । अन्तर्राष्ट्रिय संस्था र गैरसरकारी संस्था तथा संघीय व्यवस्थाअन्तर्गतका तहगत सरकारका गरीबलक्षित कार्यक्रमहरूलाई वास्तविक गरीबको पहुँचमा पुऱ्याउन धेरै नै ढिला भएकाले गरीबी निवारणका कार्यक्रमबाट धनीले फाइदा लिने प्रवृत्तिको अन्त्य हुन नसकेको अवस्था छ ।

- **२६ जिल्लामा १ लाख ८२ हजार अति गरीब, १ लाख १९ हजार मध्यम गरीब र ८३ हजार सामान्य गरीब पहिचान ।**
- **परिचयपत्र पाएकाहरूले पनि राज्यबाट कुनै सामाजिक सुरक्षालगायत सेवासुविधा वा सहुलियत पाउन नसकेको ।**
- **पहिलो चरणका २६ जिल्लामा गरीब भनेर पहिचान भएका परिवारमा वास्तविक विपन्नहरू नपरेको गुनासो ।**
- **गरीबीको परिचयपत्र पाउने तर सेवासुविधा नपाउने अवस्थाको अन्त्य गर्न परिचयपत्रलाई स्वास्थ्य बीमालगायत सबै सान्दर्भिक विकास कार्यक्रमहरूसँग जोड्न आवश्यक ।**
- **सरकारका गरीब-लक्षित कार्यक्रमहरूबाट धनीले फाइदा लिने प्रवृत्तिको अन्त्य हुन नसकेको ।**

कतिपय घरपरिवारको गरीबीको अवस्थामा परिवर्तन छिटोछिटो हुने गरेकाले विगतमा सङ्कलन गरिएका तथ्याङ्क अहिले सान्दर्भिक हुने यथार्थलाई पनि नकार्न सकिँदैन । यसबीचमा कतिपय गैरगरीब घरपरिवारहरू विगत दशकमा नेपालीले सामना गरेको बाढीपहिरो लगायतका विपद्, कोभिड महामारी, भूकम्प, डेङ्गीजस्ता कारणले गरीब भएका हुन सक्छन् । यसैगरी कतिपय गरीब घरपरिवारहरू वैदेशिक रोजगारीलगायत स्रोतबाट आय-आर्जन गरी गैरगरीब वा धनी भएका हुन सक्ने भएकाले पनि पुरानो तथ्याङ्कको सान्दर्भिकता नहुने स्पष्ट छ । यिनै कारणलाई औंल्याएर महालेखापरीक्षकको प्रतिवेदनमा पनि यस कार्यक्रमका लागि हालसम्म गरिएको १ अर्ब ६१ करोड ९२ लाख रुपैयाँ लगानीको प्रतिफलका बारेमा चासो राखिएको छ ।

नेपालको संविधान, दिगो विकास लक्ष्य र विभिन्न विकास नीति तथा योजनाले गरीबको परिचान गरी उनीहरूलाई लक्षित गरेर सहुलियत तथा सेवासुविधाका कार्यक्रम सञ्चालन गरी गरीबी निवारण गर्दै समृद्धि प्राप्त गर्ने सोच, लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको छ । गरीबी निवारण राष्ट्रिय सुरक्षा नीतिको पनि अभिन्न पक्षको रूपमा लिएको छ । गरीबी रहँदासम्म देशको तस्वीर राम्रो हुनै सक्दैन । यस सन्दर्भमा गरीब घरपरिवार पहिचानमा हुने खर्चलाई स्वाभाविक रूपमा लिएर यसमा रहेका कमीकमजोरीलाई सुधार गर्दै थप गति प्रदान गरी बाँकी कामलाई सम्पन्न गर्नुको विकल्प देखिँदैन । उत्तरी छिमेकी देश चीनले विगत ३० वर्षमा ८० करोड गरीब देशवासी र उनीहरूको गरीबीको कारण पहिचान गरी राजनीतिक परिचालनसहितको क्लिनिकल हस्तक्षेप (कारणअनुसारको उपचार) मार्फत निरपेक्ष गरीबीलाई शून्यमा झारेको ऐतिहासिक सफलताबाट हामीले पनि सिक्नुपर्छ ।

गरीब घरपरिवारको पहिचानलाई निरन्तर अद्यावधिक गर्ने वस्तुगत प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउनु पनि उत्तिकै जरुरी छ । गरीबीको परिचयपत्र पाउने तर सेवा सुविधा नपाउने अवस्थाको अन्त्य गर्न सरकारको योजनाबमोजिम नै परिचयपत्रलाई राज्यले सञ्चालन गरेका स्वास्थ्य बीमालगायत सबै सान्दर्भिक विकास कार्यक्रमगरूसँग जोड्नु आवश्यक छ । यसलाई सुनिश्चित गर्न आवश्यक पर्ने तहगत कानूनी व्यवस्था गर्न पनि सरकारको पहलकदमी जरुरी छ । असंगठित रहेका गरीबहरूको संरक्षक र अभिभावक सरकार नै हुन सकेमा सरकारको वैधता स्थापित हुने, मानव अधिकारको सम्मान हुने र मुलुकको सुशासन विकास र समृद्धिको सपना साकार हुने स्पष्ट छ । गरीबीले सुख हर्ने भएकाले सुखी नेपाली बनाउन गरीबीको अन्त्य हुनैपर्छ । पछिल्लो सरकारी जीवनस्तर सर्वेक्षणले मुलुकको २० प्रतिशत जनसंख्या अझै पनि निरपेक्ष गरीबीको रेखामुनि रहेको देखाएकाले पनि गरीबी निवारणका लागि गरीब घरपरिवार र गरीबीका कारणको पहिचान गर्दै पहिचान भएका गरीबलाई गरीबीको रेखामाथि ल्याउने कार्यमा सबै पक्षको गहन योगदानको आवश्यकता छ ।

*डा. भुसाल विकास विश्लेषक हुन् ।*

# के आम निक्षेप लघुवित्तको वैकल्पिक स्रोत बन्न सक्छ ?



**लघुवित्तलाई निक्षेप संकलन गर्न दिने हो भने यसबाट अझै पनि ६० प्रतिशत सेवग्राहीमा पहिलोपटकको लघुकर्जा जान नसकेको विद्यमान परिस्थितिमा सुधार आई लघुवित्तीय संस्थाहरू कर्जा लगानी गर्ने अवस्थामा पुग्नसक्ने हुन्छन् ।**

**- कृष्ण प्रधान**

हालसम्म पनि लघुवित्तीय संस्थाहरू (बाफियाअन्तर्गत घ वर्गीय वित्तीय संस्था) का साधनको मुख्य स्रोत भनेकै बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जासापट रहँदै आएको छ । यो स्रोतले कुल वासलातमा अझै महत्त्वपूर्ण अंश (२०८१ पुसमा ४०.२ प्रतिशत) ओगटेको देखिन्छ । यस्तो अंश ५ वर्षअघि ४५ दशमलव ५ प्रतिशत र १ दशकअगि ६५ प्रतिशत थियो । लघुवित्तीय संस्थाहरूलाई प्राप्त हुने यसखाले स्रोतको आधार भने २०५१ सालदेखि केन्द्रीय बैंकको निर्देशित कर्जा व्यवस्थाअन्तर्गत विपन्न वर्गमा अनिवार्य रूपले कर्जा लगानी गर्नुपर्ने नीतिगत व्यवस्थाका कारण बनेको हो । दुई दशकअगाडि यस्तो स्रोतले करीब ७० प्रतिशतको हिस्सा ओगटेको हो । यसले जेसुकै भने पनि वा आलोचना खेप्नुपरे पनि लघुवित्तीय संस्थाहरूलाई लघुकर्जा प्रवाहका लागि हालसम्म पनि महत्त्वपूर्ण स्रोतको आधार बन्दै आएको यो नीतिलाई निरन्तरता दिने केन्द्रीय बैंकको नीतिगत व्यवस्थाको कदर भने गर्नैपर्छ । यो व्यवस्था नहुँदो हो त दातृ निकायका स्रोतमा नै भर पर्नुपर्ने अवस्था आउने तर ती कहिल्यै स्थायी नबन्ने स्रोतमै निर्भर हुनुपर्ने अवस्था हुन्थ्यो भने अहिले यो क्षेत्रमा करीब ४७० अर्बको लघुकर्जाको आकार (२०८१ पुसमा रू.४६८.७२ अर्ब) पनि हुन्थेन । माथिको नियामकीय स्रोतले यसलाई ५० प्रतिशतको भरथेग गरेको छ । करीब २७ लाख विपन्न वर्गका सेवाग्राही (२०८१ पुसमा २६.८९ लाख ऋणी) ले यसबाट आय आर्जनका लागि लघुकर्जा प्राप्त गरेका छन् । यो आँकडा स्वयम्मा एक मानक वित्तीय उपलब्धि हो ।

लघुवित्तीय संस्थाहरूको दोस्रो प्रमुख स्रोतका रूपमा लघुबचत रहँदै आएको छ । आरम्भमा (२०७७ पुसमा ३० दशमलव ५ प्रतिशत, २०७८ पुसमा २८ दशमलव ७ प्रतिशत) यसको अंश कम भए पनि कोरोनाकालपछिका समयमा यो स्रोतको आधार बिस्तारै बलियो हुन थालेको देखिन्छ । हाल २०८१ पुसमा यसले ३२ दशमलव ४ प्रतिशतको अंश ओगटेको छ । खासमा भन्ने हो भने बचतबाट कर्जाको बक्यौता राख्नेहरूको कर्जाको हिसाब मिलान गर्दा विगतमा यसको अनुपातमा कमी आएको हो ।

लघुकर्जा प्रणालीमा लघुबचत सिक्काका दुई पाटाजस्तै मानिन्छ । बिनाधितो कर्जाका लागि बचत अनिवार्य शर्त हो । अचेल यसमा विचलन आएको देखिन्छ । लघुवित्तीय सेवाको आधारभूमि केन्द्र व्यवस्थापनका अनुशासनहरू पनि भंग हुन थालेकाले खासमा कोरोनाकालीन छूटका कारण, अहिले कर्जा असुली निकै चुनौतीपूर्ण भएको छ । अझ लघुवित्तीय सेवाका सेवाग्राहीहरू नै कर्जा नतिर्ने अभियानसहित सडक आन्दोलनमा होमिएकाले विगत २- ३ वर्षदेखि अधिकांश लघुवित्तीय संस्थाहरूको कर्जाको गुणस्तरको अवस्था ७ प्रतिशतमाथि देखिन थालेको छ (२०८१ पुसको एनपीए लेभल ६ दशमलव ४ प्रतिशत) । यो राम्रो आँकडा पक्कै होइन ।

स्रोतको अभाव भइरहने लघुवित्तीय संस्थाहरूमा बचत वा कुनै विशेष प्रकारको निक्षेपको आधार बलियो गरेर लैजान सकियो भने भोलिका दिनमा कर्जा सापटीप्रतिको निर्भरता कम गर्न सकिन्छ । यसो भयो भने त्यस्तो आधार तुलनात्मक रूपमा सस्तो पर्ने र यसबाट लघुकर्जाको ब्याजदरमा नै कमी ल्याउन सकिन्छ । अहिले लघुवित्तीय संस्थाहरूको कर्जाको ब्याजदर १५ प्रतिशत तोकिएको र त्यसको आधा अनिवार्य रूपले बचतमा ब्याज दिनैपर्ने नियमनका कारण यी वित्तीय संस्थाहरूले न कर्जाका ब्याज बढाउन सक्छन् न निक्षेपका ब्याज घटाउन सक्छन् । यस्तो अवस्थामा लघु बचतलाई कसरी दिगो र भरपर्दो बनाएर लाने र लघुवित्तीय संस्थाहरूलाई समेत ग्रामीण र विकट भेकको बचत परिचालनमा संस्थागत आधार प्रदान गर्ने विषयमा अब गम्भीर बहस आवश्यक छ ।

लघुबचतले हाल लघुवित्तीय संस्थाहरूको करीब ३३ प्रतिशतको स्रोतको आधार भूमि प्रदान गरेको भए पनि बैंक वित्तीय संस्थाहरूबाट प्राप्त हुने कर्जासापटले अझै ४१ प्रतिशतको अंश ओगटिरहनु जोखिमपूर्ण नै मानिन्छ । किनभने, यो नियामकीय आधार भएकाले कुनै पनि बेला दातृ निकायका दबाबमा यस्तो स्रोत बन्द नहोला भन्न सकिँदैन । यस्तो स्रोत लगानीको सीमा पुऱ्याइने हिसाबले मात्र लगानी हुने हुँदा अधिकांश वित्तीय संस्थाले आर्थिक वर्षको अन्त्यमा मात्र हर्जानाबाट मुक्ति पाउन यस्ता लगानी गर्ने देखिएबाट पनि यो स्रोत जहिलेसुकै भरपर्दो नहुन सक्छ । यसैले पनि लघु बचत वा कुनै विशेष प्रकृतिको बचत संकलनमा (आम निक्षेप होइन) अब लघुवित्तीय संस्थाहरूलाई आबद्ध गर्नुपर्ने समय आएको छ । यसमा खासगरेर हालको लघुबचत प्रणालीका अलावा ग्रामीण क्षेत्रमा मात्र सीमित गरेर सेवाग्राही सदस्यहरूलाई विशेष प्रकृतिको आवधिक निक्षेप संकलन गर्न दिने नीति ल्याउन सकिन्छ । उदाहरणका लागि लघुवित्तीय संस्थाहरूले ग्रामीण, विकट र हिमाली क्षेत्रका सेवाग्राही सदस्यहरूबाट कुनै निश्चित रकमसम्म ( जस्तै : प्रतिसदस्य १ देखि ५ लाखसम्म) को आवधिक निक्षेप परिचालन गर्नदिने नीति ल्याउन सकिन्छ । वाणिज्य बैंकहरूको बचतको वर्तमान ब्याजदरको तुलनामा लघुवित्तीय संस्थाहरूले प्रदान गर्ने वचतको ब्याज झन्डै दोब्बर रहेको अहिलेको अवस्थामा यो नीतिले राम्रै प्रभाव पार्ने देखिन्छ । यसलाई नियामकीय हिसाबले व्यवस्थित गरेर लगियो भने ती संस्थाका लागि स्रोतको राम्रो विकल्प पनि बनाउन सकिन्छ । यसले दूरदराजबाट निक्षेप परिचालन गर्नमा सघाउसमेत पुग्छ ।

- **लघुवित्तीय संस्थाहरूको मुख्य स्रोत भनेकै बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने कर्जासापट रहँदै आएको छ ।**
- **लघुवित्तीय संस्थाहरूको दोस्रो प्रमुख स्रोतका रूपमा लघु बचत रहँदै आएको छ ।**
- **लघुवित्तीय संस्थाहरूमा बचत वा कुनै विशेष प्रकारको निक्षेपको आधार बलियो गरेर लान सकियो भने कर्जा सापटप्रतिको निर्भरता कम गर्न सकिन्छ ।**

लघुवित्तीय संस्थाहरूलाई पनि निक्षेप संकलनको बाटो खोलिनुपर्छ भन्ने विचार विगतमा नआएका होइनन् । केन्द्रीय बैंकले त्यो ढोका निकै अगाडि खोलेकै पनि हो । तर, उसले तोकेका शर्त र आधारमा दुईओटा वित्तीय संस्थाहरू मात्र योग्य भएका हुँदा हाल आम निक्षेप लिने लघुवित्तीय संस्थाहरूमा दुईओटा (निर्धन र छिमेक) मात्र रहेका छन् । अहिले आम निक्षेप अरू लघुवित्तीय संस्थाहरूका लागि वर्जित नै रहेको छ । यसैले आम निक्षेपका लागि केन्द्रीय बैंकले अहिले उदारता देखाइहालेको अवस्था छैन । धेरैजसो लघुवित्तीय संस्थाहरूको भौतिक/प्राविधिक/सुरक्षात्मक संरचना हेर्दा अहिले नै तीसित सर्वसाधारणको निक्षेप सङ्कलन गर्ने बलियो आधार देखिँदैन भन्ने पनि हुनसक्छ । तथापि, वाणिज्य बैंकिङमा जस्तो आम निक्षेपमा नगएर संस्थागत सुशासनले अब्बल र पूँजी आधार बलियो रहेका लघुवित्तीय संस्थालाई ग्रामीण, विकट र हिमाली कार्यक्षेत्रमा समूह सदस्यबाट विशेष प्रकारको आवधिक/ मुद्दती निक्षेप परिचालन गर्न दिने नीति (माथि उदाहरणमा उल्लेख गरिएजस्तै) माथि बहस गरेर यसलाई परीक्षण गर्ने समय भने भएको छ । यसबाट अझै पनि ६० प्रतिशत सेवाग्राहीमा पहिलो पटकको लघुकर्जा जान नसकेको विद्यमान परिस्थितिमा पनि सुधार आई लघुवित्तीय संस्थाहरू कर्जा लगानी गर्ने अवस्थामा पुग्नसक्ने हुन्छन् । केन्द्रीय बैंकका आगामी गभर्नरले यस विषयमा गम्भीर हुने पो हो कि ?

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*



तस्वीर : रासस

**भोजपुरको टेम्केमैयुङ गाउँपालिका-४, चखेवामा नयाँ वर्षको अवसरमा वैशाख १ र २ गते हुने रैथाने खाना महोत्सवको लागि राष्ट्रिय झण्डासहित अन्य तयारी गरिँदै ।**

# कर्णालीमा हरेक वर्ष बग्छन् करोडौंका काठ

घोडाघोडी (कैलाली) । २०८० माघ १० गते सरोज गोडियालाई कर्णाली किनारमा अड्किएका काठ टचाक्टरमा लोड गरेर घर ल्याउँदै गर्दा टीकापुर प्रहरीले पक्राउ गऱ्यो । बर्दियाको गुलरिया घर भई टीकापुरमा दैनिक ज्यालादारीमा टचाक्टर चलाउने गोडियालाई प्रहरीले सबडिभिजन वन कार्यालय टीकापुरमा बुझाइदियो । उनलाई कर्णाली नदी किनारमा बाढीले ल्याएर थुपारेका काठ संकलन गरेर ओसारपसार गरेको आरोप लगाइएको थियो ।

सबडिभिजन वन कार्यालयले गोडियाविरुद्ध कैलाली जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो । गोडिया १४ हजार ४३३ बिगो बराबरको धरौटी तिरेर रिहा भएको सबडिभिजन वन कार्यालयका फरेस्टर भीष्मराज ओझाले बताए । कर्णाली नदीबाट काठ निकाल्ने जो कोहीलाई प्रहरीले पक्रिने गरेको छ । हरेक वर्ष वर्षायाममा कर्णालीले काठ बगाएर ल्याउँछ । अधिकांश काठ भेलसँगै बगेर भारत पुग्छ । भारतको कोडियाघाट लगायतका स्थानीयले ती काठ केही मात्रामा संकलन गर्छन् । नेपालमा भने नदीबाट काठ संकलन गर्न रोक लगाइएको छ । कानूनी जटिलताका कारण आफ्नै देशको काठ कुहिएर खेर गइरहेको छ ।

भन्सार विभागको तथ्यांकअनुसार विगत ६ वर्षमा १ खर्ब ४१ अर्ब ३८ करोड रुपैयाँको काठ तथा फर्निचर आयात भएको छ भने २७ अर्ब ४ करोड रुपैयाँ मूल्यको निर्यात भएको छ। चालू आर्थिक वर्षको माघसम्म ७ अर्ब ८४ करोड आयात र ५ अर्ब ८७ करोडको निर्यात भएको छ । पछिल्ला वर्षहरूमा काठ आयात निरन्तर बढिरहेको छ । केही स्थानीय र काठ व्यवसायीले बगेको काठ सदुपयोग गर्न खोजे पनि पाउँदैनन् । वन ऐन र नियमावलीअनुसार वन कार्यालयको इजाजतविना काठ दाउरा संकलन, ओसारपसार तथा बिक्री गर्न पाइँदैन ।

सर्वसाधारणले घरायसी प्रयोजनका लागि दाउरा पनि संकलन गर्न पाएका छैनन् । टीकापुरस्थित फाँटा गाउँका दानबहादुर चौधरीसँग काठ संकलन गरेबापत प्रहरीको केरकार सहनुपरेको अनुभव छ । 'गतवर्ष नदीबाट निकालेको गोलिया नजिकैको सत्ती बजारमा रहेको स:मिलबाट चिरान गरी घरको झयाल ढोकाका लागि लैजाँदै थिएँ, सशस्त्र प्रहरीले रोकेर पुर्जी, स:मिल/फर्निचरको बिल चाहिने, नभए काठ लैजान नमिल्ने र मुद्दासम्म चल्ने चेतावनी दियो । पछि आइन्दा यस्तो नगर्नु भनेर छाडिदियो ।'

नदीमा बग्दै गरेका, अड्किएका, पुरिएका र गाडिएका रुख संकलन गरी प्रयोगमा ल्याउँदासमेत प्रहरी प्रशासनले अपराधी जस्तो व्यवहार गर्ने उनी बताउँछन् । फलस्वरुप स्थानीयसँग बगेर भारत पुग्ने वा कुहिएर खेर जाने नदीको काठ हेरेर बस्नुको विकल्प हुँदैन । कर्णाली नदीमा चार दशकदेखि डुंगा चलाइरहेका राजापुर बर्दियाका गौरीशंकर थारु बगेर जाने काठ हेरेर बस्ने गरेको बताउँछन् । उनका आँखा अगाडिबाट बर्खामा बाढीसँगै धेरै काठ दाउरा बगेर भारत पुग्छन् । 'नदी किनारमा अड्किएका काठ पनि प्रयोग गर्न पाइँदैन, स्थानीयलाई बगेर जाने काठ संकलन गर्ने अनुमति छैन । नगरपालिका, वन कार्यालय वा अन्य कुनै निकायले संकलन गर्दैनन्,' उनले भने, 'एकातिर बाढीसँगै थुप्रै काठ बगेर जान्छ, अर्कोतिर किनारमा अड्किएका र गाडिएका रुख पनि आधिकारिक रूपमा संकलन हुँदैन ।'

कर्णाली र यसका सहायक नदीका माथिल्लो तटीय क्षेत्रमा घना जंगल छ । यहाँ विशेष गरी खयर, सिसौ, साल, हल्दु, असनालगायत मूल्यवान प्रजातिका रुख पाइन्छन् । सो क्षेत्रमा पहिरो जाँदा ती रुख नदीमा बग्दै तलसम्म आइपुगेका हुन् ।

### के छ कानूनी व्यवस्था ?

वन नियमावली २०७९ मा नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको, डुबेको वा पुरिएको काठ दाउरालाई 'दहत्तर बहत्तर' भनेर परिभाषित गरिएको छ । वन ऐन, २०७६ को परिच्छेद-११ मा दहत्तर बहत्तर वा बेवारिसे अवस्थामा रहेको काठ अरू कसैको हक प्रमाण पुगेकोमा बाहेक प्रदेश सरकारको स्वामित्वमा रहने प्रावधान छ ।

डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका बेवारिसे तथा दहत्तर बहत्तर काठ, दाउरा संकलन तथा घाटगद्दी गरी डिभिजनल वन अधिकृतले लिलाम बिक्री गर्नुपर्ने र लिलाम बिक्रीबाट प्राप्त रकम सम्बन्धित प्रदेशको प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान वन नियमावली, २०७९ मा छ ।



**कर्णाली नदीले बगाएर ल्याएको काठ संकलनमा रोक लगाइएको छ । कानूनी जटिलताका कारण आफ्नै देशको काठ कुहिएर खेर गइरहेको छ ।**

त्यस्तै सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को परिच्छेद १७ को दफा ७८, ७९ र ८० मा दहत्तर बहत्तर वा बेवारिसे काठ दाउरा प्रदेश सरकारको सम्पत्ति ठहरिने र उक्त काठ डिभिजनल वन अधिकृतले संकलन गरी सुरक्षित स्थानमा घाटगद्दी गराउनुपर्ने व्यवस्था छ । डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रबाट संकलन गरी घाटगद्दी गरेको बेवारिसे तथा दहत्तर बहत्तर काठ दाउरामा व्यक्ति, उपभोक्ता समूह, संघसंस्था वा निकायको हक लाग्ने भए हक दाबी पेश गर्न सूचना निकालेर छानबिन गर्नुपर्छ । कसैको हक दाबी नपुगेको काठ लिलाम बिक्री गर्नुपर्ने सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ मा व्यवस्था छ ।

### संकलन गर्न छैन इजाजत

कर्णाली सत्ती पुलको उत्तरतर्फ पश्चिमी नदी तटीय क्षेत्रमा एउटा सानो बस्ती छ । त्यसको नाम हो फाँटा गाउँ । टिकापुर नगरपालिका-८ मा पर्ने फाँटा गाउँमा अधिकांश कच्ची घर र कमजोर आयस्रोत भएका थारु समुदायको बसोबास छ । ५० भन्दा बढी घरधुरी भएको फाँटा गाउँवासीको जीविकोपार्जनको प्रमुख स्रोत नै कर्णाली नदी हो । नदीमा माछा मार्ने, हिउँदमा बगरमा तरकारी खेती गर्ने र बाह्रै महीना नदीमा बग्दै गरेका, अड्किएका, डुबेका काठ दाउरा संकलन गरी टीकापुर राजापुरलगायत बजारमा बिक्री गरेर गुजारा चलाउने गरेको फाँटा गाउँका राजेश चौधरी बताउँछन् ।

फाँटा गाउँको पूर्वपट्टी नदी ढिक, गाउँको सडक किनार र घर वरिपरि गोलिया काठ तथा दाउरा संकलन गरेर राखेको भेटिन्छ । सत्ती पुलबाटै पनि नदी किनारमा काठ दाउरा राखेको देखिन्छ । ती काठ दाउरा बाढीको बेला स्थानीयले संकलन गरेर राखेको चौधरी बताउँछन् । काठ दाउरा घरायसी प्रयोजनसँगै केही बिक्री गर्ने गरेको उनले सुनाए । चौधरीका अनुसार नदीमा बगेर जाने काठमध्ये अड्किएर बसेको २० देखि २५ प्रतिशत मात्रै गाँउलेले संकलन गर्छन् ।

त्यसरी संकलन गरेको काठ दाउरा आफैले प्रयोग गर्दा कसैले केही नगर्ने, बिक्री गर्दा समस्या हुने स्थानीय दानबहादुरले बताए । उनी भन्छन्, 'बिक्री गर्नका लागि काठ दाउरा उत्पादनको स्रोत के हो भन्ने चाहिने रहेछ, हामीसँग नदीबाट काठ दाउरा संकलन गर्ने अनुमति हुँदैन, त्यस्तो अनुमति नहुँदा वनबाट चोरेर ल्याएको भन्ने बुझिने रहेछ ।'

बर्खामा कर्णाली नदी तटीय क्षेत्रमा भू-क्षय, पहिरो र कटानका कारण नदीले रुखसमेत बगाएर लैजान्छ । बगेर आएका अधिकांश रुख भेलसँगै भारत पुग्छन् भने कतिपय रुख नदीको बहाव कम भएसँगै चिसापानी पुलको दक्षिणतर्फ जानकी गाउँपालिका र टिकापुर नगरपालिकाका विभिन्न घाटमा अड्किने गरेको जानकी-६ स्थित माँ भुवनेश्वरी स:मिल तथा फर्निचर उद्योगका सञ्चालक लोकेन्द्रबहादुर शाह बताउँछन् । सो गाउँपालिकामा बलचौर घाट, पाताभार घाट र टिकापुरअन्तर्गत दौलतपुर घाट, प्रमौला घाट, सत्तीघाट, सन्कट्टी घाट तथा वनकट्टी घाटलगायत फराकिला स्थान छन् । बगेर आउने काठ त्यस्ता ठाउँमा छेउ लागेर अड्किन्छन् ।

कर्णाली नदी चिसापानीबाट तलतिर धेरै भंगालामा बाँडिन्छ । ती भंगालाको बीचबीचमा प्राकृतिक वन छन् । ती वन संरक्षण, व्यवस्थापन तथा वन पैदावार सदुपयोग गर्न स्थानीय समुदायलाई सामुदायिक वनका रूपमा हस्तान्तरण गरिएका छन् । सामुदायिक वनका रूपमा हस्तान्तरण गरे पनि बाढीसँगै बगेर जाने रुख संकलन गर्ने अनुमति भने वन कार्यालयले नदिने गरेको गाउँपालिकास्थित छतिवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विनोद भण्डारीले बताए ।

उनका अनुसार सामुदायिक वनको क्षेत्रभित्र पर्ने भंगालोमा अड्केका, पुरिएका रुख केही मात्रामा निकाल्न मिल्छ, सबै संकलन गर्न मिल्दैन । जिल्लाको जानकी गाउँपालिकाअन्तर्गत चिसापानी कर्णाली, छतिवन, चेतना, कालिका, शिवशक्ति पाताभार, जगतपुरलगायत सामुदायिक वन कर्णाली नदीका विभिन्न भंगालामा अवस्थित छन् । सामुदायिक वनहरूले आफ्नो क्षेत्रभित्र पर्ने भंगालोमा अड्किएका र पुरिएका रुख स्वीकृत वन कार्ययोजनाको अधीनमा रही तोकिएको मात्रामा असोजदेखि जेठसम्म संकलन गर्ने गरेको सब-डिभिजन वन कार्यालय टीकापुरका फरेस्टर ओझाले बताए ।

### कानूनी मापदण्डको अभाव

कैलालीको वन क्षेत्र व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश सरकार मातहतमा दुई डिभिजन वन कार्यालय छन् । जिल्लाको पश्चिमी भागको आधा क्षेत्र कैलाली र पूर्वी क्षेत्र पहलमानपुर डिभिजन वन कार्यालयअन्तर्गत पर्छ । कर्णाली नदी र आसपासको वन क्षेत्रको व्यवस्थापकीय जिम्मेवारी डिभिजन वन कार्यालय पहलमानपुरको हो । कर्णाली नदीबाट हालसम्म दहत्तर बहत्तर काठ/दाउरा संकलन नगरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले बताए । उनका अनुसार जिल्लाका अन्य नदीभन्दा कर्णालीबाट काठ/दाउरा संकलनको प्रकृति बेग्लै छ ।

बग्दै गरेका रुख संकलन गर्न सकिने कानूनी व्यवस्था नै नभएको कँडेलको भनाइ छ । 'वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने काठ/दाउरा संकलन गर्न रुखको गोलाइ, लम्बाइ, त्यसको 'जीपीएस लोकेसन'सहितको विवरण सब-डिभिजन वन कार्यालयमार्फत लिने र त्यस्ता रुखको डिभिजन वन कार्यालयबाट १५ प्रतिशत तथा प्रदेश वन निर्देशनालयबाट पाँच प्रतिशत जाँचपश्चात मात्र संकलन गर्ने अनुमति दिन सकिने व्यवस्था छ । यस प्रक्रियाले बग्दै गरेको काठ संकलन गर्न सकिने कुरालाई सम्बोधन गर्न सक्दैन,' उनले भने । *रासस*

स्पा व्यवसाय

# लगानी र सेवाग्राहीको आकर्षण बढ्दो

काठमाडौं । २१ दिन लामो 'थ्री पासेस ट्रेक' पूरा गरिसक्दा फ्रान्सेली पर्यटक नातालीको शरीर गलिसकेको थियो । 'हाई अल्टिच्युड'को हिँडाइले शरीर र खुट्टा थाकिसकेका थिए । थाकेको शरीरका लागि औषधि बन्यो- स्पा ।

'लामो पदयात्राले क्रममा शरीर गलेको थियो, मानसिक रूपमा पनि कमजोर बनाएको थियो, काठमाडौं फर्किएपछि जेन स्पाको मसाजले फ्रेस भएँ, यहाँको सेवा निकै राम्रो लाग्यो,' उनले भनिन् ।

नातालीमात्र होइन, हङकङकी पउल नेपाल आउँदा स्पाको सुविधा नलिई फर्कंदैनन् । उनी पदयात्राका लागि पटक-पटक नेपाल आउँछन् । 'पदयात्रापछि स्पा नगरी शरीरले मान्दैन, यो शरीरका लागि औषधिजस्तै हो, मलाई यहाँको सुविधा निकै राम्रो लाग्छ,' उनले भने ।

बोलीचालीको भाषामा पानीबाट गरिने उपचार पद्धतिलाई स्पा भनिन्छ । यो परापूर्वकालदेखि नै चलिआएको प्राकृतिक उपचार विधि हो । स्पाले शरीरमा सकारात्मक ऊर्जा उत्पन्न गर्छ र तनाव तत्काल कम गरिदिन्छ । स्पाले रक्तसञ्चार बढाउन र प्रतिरोधात्मक शक्ति बढाउन पनि सहयोग गर्छ । यसले शारीरिक र मानसिक थकान कम गराउँछ भने खानामा रुचि पनि जगाउँछ । जोर्नी दुखेको, अनिद्राको समस्या समाधान गर्दै स्नायु प्रणालीलाई पुनः ताजा बनाउन पनि यसले सहयोग गर्ने जानकार बताउँछन् । पछिल्लो समय स्पाको सेवा लिनेमा नेपालीहरू पनि बढ्दै गएका छन् । जेन स्पाका सञ्चालक तथा अकुपञ्चरिस्ट रामदेव महतोका अनुसार पछिल्लो समय यो सेवा लिने नेपालीहरूको संख्या उल्लेख्य रूपमा बढेको छ ।

'केही वर्ष अघिसम्म पनि स्पाको सुविधा विदेशीले मात्र लिन्छन् भन्ने थियो, नेपालीहरू कमै आउँथे, त्यो समयमा यसप्रति नकारात्मक धारणा हावी थियो,' उनले भने, 'अहिले सोच परिवर्तन भएको छ, स्पाको सुविधा लिनेहरू सचेत बन्दै गएका छन्, व्यवसायीमा पनि परिवर्तन आएको छ ।' उनका अनुसार अहिले सबैजसो स्पामा नेपालीहरूको भीड देख्न सकिन्छ ।

शरीरलाई आराम दिन, तनावमुक्त हुन तथा रक्तसञ्चार प्रणालीलाई राम्रो बनाउने उद्देश्यले आउनेहरू धेरै छन् । 'शरीरमा ऊर्जा भर्न मात्रै होइन, आत्मबल बढाउन पनि स्पाका सुविधाले ठूलो सहयोग गर्छ, एकपटक यो सेवा लिनेहरू फर्किएर आउने गरेका छन्,' महतोले भने । उनका अनुसार पछिल्लो समय पर्यटकको बसाइ लम्ब्याउन र उनीहरूले गर्ने खर्च बढाउनमा पनि स्पा व्यवसायले योगदान गरेको छ ।



- **यसअघि कायम ३ करोडबाट ४ करोड पुऱ्याइयो**
- **दुई वा दुईभन्दा बढी स्थानीय तहले बनाउन चाहे अतिरिक्त लागत बेहोरिने**
- **निजीक्षेत्रको लगानीमा पनि ग्राम स्थापना गर्न सकिने**

अहिले व्यवसायीले परिवारका लागि पनि प्याकेज बिक्री गर्न थालेपछि यसप्रतिको दृष्टिकोण बदलिएको छ । स्पा संघ नेपालका सचिवसमेत रहेका महतो स्पा थकान, धपेडीपूर्ण दिनचर्यालाई तनावरहित, सुखद् र आनन्ददायक बनाउने उत्तम माध्यम भएको बताउँछन् ।

महतोले विदेशमा सिकेको ज्ञानलाई नेपालमै लगानी गरी स्पा व्यवसायलाई विस्तार गरिरहेका व्यवसायीमध्येमा पर्छन् । सन् २००७ मा फिलिपिन्सबाट तालिम लिएपछि स्पा व्यवसाय शुरू गरेका उनले अबुधाबीमा झन्डै १२ वर्ष यसै क्षेत्रमा काम गरेको सुनाए । हाल उनले जेन स्पाका विभिन्न आउटलेटमार्फत व्यवसाय अगाडि बढाएका छन् ।

ठमेलमै रहेको रियल थेरापी एन्ड ब्युटी प्वाइन्टका सञ्चालक भवि शर्माले नेपालमा आउने विदेशी पर्यटक अधिकांशले स्पामा खर्च गर्ने बताउँछन् । 'स्पा वेलनेस टुरिजमको एउटा महत्त्वपूर्ण प्याकेज हो, जुन पर्यटकको नछुट्ने सूचीमा हुन्छ, अझ पदयात्रामा जानेका लागि त यो प्याकेजमै हुन्छ,' उनले भने ।

शर्माका अनुसार पछिल्लो समय ट्राभल एजेन्सीहरूले ट्राभल प्याकेजमै स्पालाई समेट्ने गरेका छन् । 'केही वर्षयता यस व्यवसायमा लगानी मात्र बढेको छैन, यसले हजारौंलाई रोजगारी पनि दिएको छ, पछिल्लो समय मर्यादित व्यवसाय गर्नेहरू बढ्दै जाँदा नेपालीको पनि रोजाइमा परेको छ,' उनले भने ।

ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्षसमेत शर्माले शर्माले नेपालको पर्यटन प्रवर्द्धनमा स्पाले पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउँछन् । पर्यटक मात्र होइन कतिपय बिरामीलाई पनि चिकित्सकले स्पा जान सुझाउने गरेको उनको भनाइ छ ।

'टाउको दुख्ने, ढाडको समस्या, एलर्जी भएकाहरूलाई स्पा उपयुक्त थलो हो भन्ने लाग्छ । त्यसबाहेक शरीरमा स्फुर्ति ल्याउन र आत्मविश्वास बढाउन पनि यसले सहयोग गर्ने पुष्टि भइसकेको छ,' उनले भने । शर्माका अनुसार अहिले होटेलमा स्पाको सुविधा अनिवार्यजस्तै बनेको छ भने स्पा सुविधा दिनेहरू मात्रै पनि बढेका छन् । व्यवसायीका अनुसार भारत र चीनका साथै एशियाली, युरोपियन, अमेरिकी मुलुकका पर्यटक स्पाको सुविधा लिनेमा पर्छन् । स्पा सेन्टरमा स्टिम, साउना र ज्याकुजीका साथै आयुर्वेदिक मसाज थेरापी, हाइड्रोथेरापी, फेसियल, एक्युपञ्चरलगायत सुविधा उपलब्ध हुन्छ । पछिल्लो समय स्पा सेन्टरहरूले योग र ध्यानलाई पनि समावेश गरेका छन् ।

नेपाल स्पा तथा वेलनेस संघका अध्यक्ष सुरेश पुरीले स्पा र वेलनेस पर्यटन अहिले तीव्र रूपमा बढिरहेको र यो विदेशीको प्रमुख रोजाइमा पर्ने गरेको बताउँछन् । 'स्पा यस्तो व्यवसाय हो, जसले विश्राम, उपचार, मानसिक स्वास्थ्य, र समग्र जीवनशैलीमा सुधार ल्याउने अनुभव दिन्छ,' ट्र्यांक्विलिटी स्पाका कार्यकारी निर्देशकसमेत रहेका पुरीले भने, 'यो अब विलासितामा मात्र सीमित छैन, सामान्य जीवनशैलीमा पनि आवश्यकता बनेको छ ।'

उनले स्पालाई व्यावसायिक, मर्यादित र अन्तरराष्ट्रियस्तरको सेवा दिने उद्योगका रूपमा विकास गर्न संघले निरन्तर काम गरिरहेको बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पनि वेलनेस व्यवसायलाई प्राथमिकता दिँदै अन्तरराष्ट्रिय मापदण्डअनुरुपको व्यवसाय सञ्चालनका लागि नीतिगत रूपमा सहजीकरण गर्न आवश्यक रहेको उनको भनाइ छ ।

उनका अनुसार पछिल्लो समय स्पा व्यवसायमा लगानी पनि बढेको छ । पुरी भन्छन्, 'सामान्यतयाः एउटा स्पामा सामान्यतयाः २ करोडदेखि १० करोड रुपैयाँसम्म लगानी हुन्छ, यसरी हेर्दा हालसम्म यस क्षेत्रमा १ अर्बभन्दा बढी लगानी भइसकेको छ भने १० हजारभन्दा बढीले रोजगारी पाएका छन् ।' *रासस*

# नयाँ वर्ष मनाउन होमस्टेमा आन्तरिक पर्यटक



राँझा (बाँके) । नयाँ वर्षको आगमनसँगै बाँकेका घरबास (होमस्टे)मा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । पर्यटकीय गन्तव्यमा भ्रमण गर्ने र परिवार तथा साथीभाइबीच रमाइलो गर्ने प्रचलनले बाँकेको बैजनाथ गाउँपालिकास्थित गाभर सामुदायिक होमस्टे, कोहलपुरको खड्कवार र राप्तीसोनारीको नयाँगाउँ होमस्टेमा आन्तरिक पर्यटकको संख्या बढेको हो ।

गाभर मिनी भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीका अनुसार चैत लागेपछि तीन हजारभन्दा बढी आन्तरिक पर्यटक होमस्टेमा आइसकेका छन् । गाभर होमस्टे प्राकतिक सौन्दर्य र वन्यजन्तु अध्ययन तथा अवलोकनको गन्तव्यसमेत बन्दै गएको छ । यहाँ आउने पाहुनालाई गाडी र हात्तीमार्फत बाँके राष्ट्रिय निकुञ्जमा वन्यजन्तु अवलोकनका लागि जंगल सफारीसमेत गराउने गरिएको छ । बाँके निकुञ्जसँगै जोडिएको कोहलपुर नगरपालिका-१३ स्थित खड्कबार होमस्टेमा पनि अहिले आन्तरिक पर्यटकको चहलपहल बढेको होमस्टे व्यवस्थापन समिति अध्यक्ष लालबहादुर रानाले बताए ।

उनले अरु बेला सुनसान रहे पनि अहिले नयाँ वर्षका अवसरमा नेपालगन्जलगायत बाहिरी जिल्लाबाट घुम्न आउने पाहुनाको संख्या बढ्दै गएको जानकारी दिए । उनका अनुसार बास बस्न आउने पाहुनालाई निकुञ्जसँग समन्वय गरेर हात्ती सफारीमार्फत वन्यजन्तुको अवलोकन गराउने गरिएको छ ।

दिउँसो वन्यजन्तु अवलोकनपछि पर्यटकलाई साँझ सांस्कृतिक नाच देखाउने गरिएको छ । संस्कृति संरक्षण र स्थानीयको दिगो जीविकोपार्जनका लागि शुरू गरिएको होमस्टेले अहिले व्यावसायिक सफलता पाउँदै गएको छ । पर्यटकका लागि सुविधा थपेपछि आन्तरिक पर्यटकको संख्या पनि बढ्दै गएको रानाको भनाइ छ ।

बाँकेको राप्ती सोनारी-८ स्थित नयाँगाउँ होमस्टेमा अन्य बेलाभन्दा अहिले बाँके निकुञ्ज घुम्न आउने पर्यटकले चहलपहल बढ्दै गएको ७ नम्बर होमस्टे सञ्चालक शोभी थारूले बताए । होटल व्यवसायी संघ बाँकेका पूर्वअध्यक्ष भीम कँडेलले यतिबेला पर्यटकीय मौसम भएकाले बाँकेका होमस्टेमा आन्तरिक पर्यटकको संख्या बढेको बताए । 'अहिले विद्यार्थीको परीक्षा सकिएको, कर्मचारीको बिदा कटाउने र नयाँ वर्ष पनि परेकाले प्रमुख पर्यटकीय क्षेत्रमा आन्तरिक पर्यटक बढेका छन्,' उनले भने । *रासस*

बाँकी पृष्ठ १ बाट ...

**भारतीय उद्यमीको ...**

बितेको ३ महीनामा नेपालबाट करीब ३ लाख टन भटमास र सूर्यमुखी तेल भारततर्फ गएको अनुमान उद्यमीहरूको छ ।

पाम तेल भने निकासी हुन सकेको छैन । अयातकर्ताले कच्चा घोषणा गरी ल्याएको पाम तेललाई भन्सारले प्रशोधितमा वर्गीकरण गरिदिएपछि यस्तो आयात रोकिएको हो । विगतमा सबैभन्दा बढी निकासी हुने तेलहरूमध्ये पाम तेल पनि एक थियो ।

भन्सारले तयारी तेलमा वर्गीकरण गरेपछि पाम निकासी गर्न मिल्दैन । यो समस्याका कारण व्यवसायीले तेस्रो मुलुकबाट ल्याएको ४ अर्ब रुपैयाँबराबरको २४ हजार टनभन्दा बढी यस्तो तेल भारतको कोलकाता बन्दरगाहमा रोकेर राखेका छन् ।

**नेपालमा दर्ता ...**

मेटाअन्तर्गत फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप सञ्चालनमा छन् । यी तीनओटै एप नेपालमा अत्यधिक लोकप्रिय छन् । फेसबुकले नेपालमा ठूलो व्यवसाय पनि गरिरहेको छ । नेपालबाट वर्षेनि करोडौं रुपैयाँको व्यापार गरे पनि उसले नेपाल सरकारलाई कर तिर्दैन । साथै, गुनासो सुन्नका लागि नेपालमा फेसबुकको कार्यालय वा तोकिएका अधिकारी पनि छैनन् । दर्ता भएपछि भने फेसबुकले नेपालमा कर तिर्नुपर्ने र गुनासो सुन्ने अधिकारी तोक्नुपर्ने हुन्छ । व्यापक प्रयोगकर्ता रहेको फेसबुक र एक्सले नै नटेरेपछि सरकारलाई झन् ठूलो टाउको दुखाइको विषय बनेको छ ।

यसअघि सरकारले टिकटक बन्द गर्दा ठूलो आलोचना खेप्नुपरेको थियो । त्यसकारण तत्काले दर्ता नभएका सञ्जाल बन्द गर्ने सोचमा सरकार नरहेको अधिकारीहरू बताउँछन् ।

### आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल अमुप्रस्थ ब्याङ्क्वेट एण्ड इभेन्ट्स, बुढानिलकण्ठ, काठमाडौं | वैशाख २ | ११:०० | | | एफपीओ निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २२ |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | विशेष | होटल एयरपोर्ट, विराटनगर, मोरङ्ग | वैशाख ५ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने | चैत २८ |
| ३ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर, तनहुँ | वैशाख ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत २६ |
| ४ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा, रूपन्देही | वैशाख १९ | ११:०० | ५ | ०.२६३२ | सञ्चालकको मनोनयन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख ११ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८० भदौ २९ |
| ६ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ७ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ८ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ९ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| १० | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ११ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १२ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १३ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १४ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १५ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १६ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १७ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १८ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २१ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २२ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २३ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २४ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २५ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २६ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २७ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २८ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २९ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३० | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३२ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३३ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३४ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३५ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३६ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३७ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३८ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३९ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ४० | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ४१ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ४२ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ४३ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एपेक्स हस्पिटालिटी लिमिटेड | २,४००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० असोज १२ |
| २ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| ३ | अर्किड होल्डिङ्ग्स लिमिटेड | ११,५००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० मङ्सिर १३ |
| ४ | अन्नपूर्ण केबल कार लिमिटेड | ३,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस १६ |
| ५ | बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ६ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ७ | ठमेल प्लाजा होटल एण्ड सुइट्स लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक २१ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| ११ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १२ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १३ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १४ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १५ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |
| १६ | महाशक्ति सिमेन्ट लिमिटेड | १७,८५०,८५७ | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ फागुन २६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| २ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ३ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ४ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ५ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ६ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ७ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ८ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| ९ | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| १० | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |

# ट्रेड टावरले वैशाख ८ गतेदेखि पहिलो चरणको आईपीओ निष्कासन गर्ने

काठमाडौं (अस) । ट्रेड टावर लिमिटेडले २०८२ साल वैशाख ८ गतेदेखि पहिलो चरणको आईपीओ निष्कासन गर्ने भएको छ । कम्पनीले सर्वसाधारणमा जारी गर्ने कुल कित्ता आईपीओमध्ये १० प्रतिशत आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गर्न लागेको हो । वैदेशिक रोजगारीमा रहेका नेपालीमा आईपीओ निष्कासन तथा बाँडफाँटपछि दोस्रो चरणमा सर्वसाधारणमा आईपीओ निष्कासन हुनेछ ।

कम्पनीले आफ्नो जारी पूँजी ८१ करोड ५६ लाख ९ हजार ७०० रुपैयाँको ४८ दशमलव ६९६ प्रतिशतका दरले हुन आउने ३९ करोड ७१ लाख ६९ हजार ३०० रुपैयाँ बराबरको ३९ लाख ७१ हजार ६९३ कित्ता आईपीओ निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको हो । कुल कित्तामध्ये कम्पनीले पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि ३ करोड ९७ लाख १६ हजार ९३० रुपैयाँ बराबरको ३ लाख ९७ हजार १६९ दशमलव ३० कित्ता शेयर निष्कासन गर्न लागेको हो । कम्पनीले प्रतिकित्ता १०० रुपैयाँ अंकित मूल्यमा आईपीओ निष्कासन गर्न लागेको हो । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले आईपीओ खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १ हजार कित्तासम्म आवेदन दिन सकिनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूमा वैशाख २२ गतेसम्म आईपीओ निष्कासन गर्न लागिएको हो । कम्पनीको आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन सक्नेछन । साथै मेरो शेयर अनलाईनमार्फत समेत आवेदन दिन पाउने व्यवस्था रहेको छ ।

आईपीओ निष्कासनको लागि गराएको रेटिङमा इक्रा नेपालले कम्पनीलाई वित्तीय दायित्व वहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको संकेत गर्ने इक्राएनपी इस्यूअर डबल बी माइनस रेटिङ प्रदान गरेको छ । कम्पनीको पहिलो परियोजना काठमाडौंको थापाथलीमा ट्रेड टावर रहेको छ । कम्पनीले ललितपुरमा भैसेपाटीमा १९० ओटा अपार्टमेन्ट निर्माण तथा विक्री गरी दोस्रो परियोजन सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

अधिकृत पूँजी १ अर्ब रुपैयाँ रहेको कम्पनीको जारी पूँजी ८१ करोड ५६ लाख ९ हजार ७०० रुपैयाँ छ । गत आर्थिक वर्षसम्म ४ करोड ८२ लाख रुपैयाँसम्म सञ्चित नाफामा रहेको कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थ भने १२३ रुपैयाँ ९ पैसा रहेको छ ।

# सप्तकोशी डेभलपमेन्ट बैंकको संस्थापक शेयर सर्वसाधारणमा जारी

काठमाडौं (अस) । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडले ४० हजार कित्ता संस्थापक शेयर सर्वसाधारणमा जारी गरेको छ । कम्पनीले यस अघि विद्यमान संस्थापक शेयरधनीहरूमा जारी गर्दा वितरण नभएको यी शेयर दोस्रो चरणमा सर्वसाधारणका लागि जारी गरेको हो ।

यी शेयर खरीद गर्न इच्छुक अन्य व्यक्ति तथा संस्थाहरूले वैशाख ८ गतेभित्र आवेदन पेश गर्नुपर्नेछ । प्रतिकित्ता १६५ रुपैयाँ तोकिएको यी शेयर खरीदका लागि तोकिएको मूल्य वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन पेश गर्नुपर्नेछ । आवेदन दिँदा न्यूनतम १०० कित्तादेखि अधिकतम सम्पूर्ण कित्तासम्म माग गर्नुपर्नेछ । तोकिएको अवधिभित्र प्राप्त आवेदन वैशाख ९ गते अपराह्न ३ बजे विक्री प्रबन्धक सिटिजन्स क्यापिटल लिमिटेडको कार्यालयमा खोलिने तय भैसकेको छ ।

# रिलायन्स फाइनान्सले लाभांश नदिने

काठमाडौं (अस) । रिलायन्स फाइनान्स लिमिटेडले यस वर्ष पनि शेयरधनीहरूको हात खाली बनाउने भएको छ । चैत २९ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ को लागि कुनै पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो । सोही बैठकले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू आगामी वार्षिक साधारणसभामा पारितका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने निर्णय पनि गरेको छ । कम्पनीले गत वर्ष पनि लगानीकर्ताको हात खाली बनाएको थियो ।

विगतका वर्षहरूमा निरन्तर लाभांश वितरण गर्दै आएको कम्पनीले पछिल्लो वर्ष २०७८/७९ मा ६ दशमलव ५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३४ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गरेको थियो । त्यसपछिको दुई आर्थिक वर्ष भने कम्पनीले लगानीकर्तालाई निराश बनाएको हो ।

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २४७६.७५ | २७७८ | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ९७३.२२ | २४७५ | ९६६ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७६६.४१ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७४१ | ८३१ | ५२३ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६४०.४८ | ७४४.५ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६२४.७८ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५४७.५७ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५३३.७५ | ६००.१ | ४१२ |
| ९ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४९७.४६ | ७७४.९ | ४३० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४६२.४ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४३९.८१ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४२३.७१ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४१३.१९ | ६५४ | ४०३.१ |
| १४ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ३६५.९ | ३६५.९ | ३०२.५ |

### निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५०६८.९ | २२४९३.९ | १२८०० |
| २ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९१२.३२ | १११३ | ७४० |
| ३ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ८८४.७५ | १३८२ | ७३२ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८३७.५८ | १०७६ | ७११.५ |
| ५ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ८०१.४३ | ११६२ | ७९५.३ |
| ६ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७६२.३८ | ११२० | ६६९.४ |
| ७ | नेको इन्सुरेन्स लिमिटेड | ७५०.७६ | १०५० | ७३५ |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ७१६.६१ | ९२६ | ६०२ |
| ९ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६३०.२१ | ८३७.३ | ५१५.५ |
| १० | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ५९१.१८ | ८१० | ५५८ |
| ११ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ५८४.५१ | ८१७.१ | ५०८.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५६५.१४ | ७६० | ५०८ |
| १३ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ४४२.४ | ४४२.४ | ३०२.३ |

### 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १६१३.०६ | १९२६ | ७८५ |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १३०४.६ | १३८९.९ | ६३०.१ |
| ३ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १०११.४१ | ११५६ | ५१२ |
| ४ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ९७५.४१ | १२६४ | ६७८ |
| ५ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८९९.८४ | १२१४ | ८०० |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४७१.५६ | ६४५ | ३३८.१ |

# २०८१ सालको अन्तिम कारोबार दिन नेप्से घटेर बन्द

## २०८० को तुलनामा ३१ प्रतिशतले वृद्धि

**अभियान संवाददाता**
काठमाडौं

२०८१ सालको अन्तिम दिन नेप्से परिसूचक ८ दशमलव ८४ अंकले घटेर बन्द भएको छ । यो दिन नेप्से परिसूचक २ हजार ६६१ दशमलव ८६ विन्दुमा बन्द भएको हो । यस दिन नेप्से परिसूचक २ हजार ६५७ दशमलव ३२ विन्दुसम्म झरेको थियो भने २ हजार ६७६ दशमलव ७० विन्दुसम्म पुगेको थियो । २०८१ सालको बजारलाई हेर्दा अधिकतम ३ हजार ३६ विन्दुसम्म पुगेको देखिन्छ । २०८१ साल साउन ३१ गतेको कारोबारमा नेप्से परिसूचक उक्त वर्षको सबैभन्दा उच्च विन्दुमा पुगेको हो । त्यस दिन नेप्से परिसूचक १ दशमलव ४५ प्रतिशत अर्थात् ४३ दशमलव शून्य ५ अंकले बढेको थियो । सो दिन २ अर्ब ७९ करोड रुपैयाँभन्दा बढीको ७ करोड २२ लाख ३७ हजारभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको थियो ।

२०८१ सालको अन्तिम कारोबार दिन ८८ कम्पनीको धितोपत्र मूल्य बढेको छ भने १५७ कम्पनीको धितोपत्र मूल्य घटेको छ । सालको अन्तिम दिनको कारोबारमा सगरमाथा लुम्बिनी इन्स्योरेन्सको शेयर मूल्य भने स्थिर रहेको देखिन्छ । सामान्य अंकले घटेको बजारमा १२ प्रतिशत ब्याजदर रहेको गुडविल फाइनान्सको ऋणपत्रको मूल्य र नेपाल माइक्रो इन्स्योरेन्सको शेयर मूल्य १० प्रतिशतले बढेको छ । यो दिन क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको शेयर मूल्य भने ९ दशमलव ९८ प्रतिशत बढेको छ । पछिल्लो समय दोस्रो बजारमा थपिएको नेपाल माइक्रो इन्स्योरेन्सको शेयर मूल्य प्रतिकित्ता ४० रुपैयाँ २० पैसाले बढेर अन्तिम मूल्य ४४२ रुपैयाँ ४० पैसाले बढेको हो भने क्रेस्ट माइक्रो लाइफको शेयर मूल्य प्रतिकित्ता ३३ रुपैयाा २० पैसाले बढेर अन्तिम मूल्य ३६५ रुपैयाँ ९० पैसा कायम भएको हो ।

२०८१ सालको अन्तिम दिन र २०८१ सालको अन्तिम दिनको नेप्से परिसूचक तुलना गर्ने हो भने यो वर्ष बजार ३१ दशमलव ४० प्रतिशत उकालो लागेको देखिन्छ । नेप्सेका अनुसार २०८० साल चैत मसान्तमा नेप्से परिसूचक २ हजार २५ दशमलव ७० विन्दुमा बन्द भएको थियो । वर्षको अन्तिम दिनको कारोबारमा नेप्से परिसूचक घटेपनि कारोबार रकम भने बढेको छ । अघिल्लो कारोबार दिन ५ अर्ब ६३ करोड रुपैयाँभन्दा बढीको १ करोड १३ लाख भन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा यो दिन ६ अर्ब २८ करोड रुपैयाँभन्दा बढीको १ करोड ३१ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो । यो दिन सिईडिबि होल्डिङ्ग्सको सर्वाधिक रकमको शेयर कारोबार भएको छ । यस कम्पनीको ४५ करोड ३२ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो ।

यस वर्षको अन्तिम दिन कुल बजार पूँजीकरण ४४ खर्ब २५ अर्ब ४० करोड १० लाख रुपैयाँ कायम भएको छ । २०८० सालको अन्तिम कारोबार दिनभन्दा कुल बजार पूँजीकरण १२ खर्ब १३ अर्ब ३९ करोड रुपैयाँभन्दा बढीले वृद्धि भएको हो । २०८० सालको चैत मसान्तसम्म कुल बजार पूँजीकरण ३२ खर्ब १२ अर्ब ८० लाख रुपैयाँ थियो ।

२०८१ सालको अन्तिम दिन चार समूहको परिसूचक बढेको छ भने बाँकी समूहको घटेको छ । यो दिन लगानी समूहको परिसूचक सर्वाधिक १ दशमलव ६८ प्रतिशत बढेको छ भने व्यापार समूहको सर्वाधिक १ दशमलव ४० प्रतिशत परिसूचक घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. १४ अर्ब ३३ करोडले घट्दै रू. ४४ खर्ब २५ अर्ब ४० करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ३९ अर्ब ७३ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३३ दशमलव ७२ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब ११ करोड ७४ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लगानी समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब २४ करोड ६० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ७३ करोड ९६ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३४ करोड ५१ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३९ करोड ४५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ । जसबाट आइतवारको बजारमा रू. ५० करोड ७९ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| १२% गुडविल फाइनान्स लिमिटेड डिबेन्चर २०८३ | १,३३६.५० | १०.०० | विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | ३,१२६.७० | -१०.०० |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ४४२.४० | १०.०० | वलेफी हाइड्रोपावर लिमिटेड | २५५.२० | -९.९८ |
| क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ३६५.९० | ९.९८ | सिन्धु विकास बैंक लिमिटेड | १,०९१.७८ | -९.०८ |
| त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५५२.७० | ६.३० | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | २,४७६.७५ | -४.७१ |
| एनआईबिएल स्टेबल फण्ड | ८.८७ | ५.२२ | न्यादी हाइड्रोपावर लिमिटेड | ५७०.७२ | -४.६५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | लगानी | १११.२१ | १.६८ |
| २ | म्युचुअल फण्ड | १९.३४ | ०.२६ |
| ३ | होटल तथा पर्यटन | ६,४४७.१६ | ०.१४ |
| ४ | निर्जीवन बीमा | १२,२७४.१४ | ०.०८ |
| ५ | बैंकिङ्ग | १,३५५.१२ | -०.२१ |
| ६ | लघुवित्त | ४,८०८.५८ | -०.२६ |
| ७ | जलविद्युत् | ३,४३०.०७ | -०.४५ |
| ८ | जीवन बीमा | १३,१९०.३० | -०.६१ |
| ९ | विकास बैंक | ५,४०६.०१ | -०.७७ |
| १० | अन्य | २,४१४.४६ | -०.८० |
| ११ | उत्पादन तथा प्रशोधन | ७,०१५.१३ | -०.८४ |
| १२ | वित्त | २,५२५.८५ | -०.८८ |
| १३ | व्यापार | ४,५९०.१३ | -१.४० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २११.७४ | ३३.७२ |
| २ | लगानी | १२४.६० | १९.८४ |
| ३ | अन्य | ६१.१९ | ९.७४ |
| ४ | विकास बैंक | ५९.४८ | ९.४७ |
| ५ | बैंकिङ्ग | ३६.३० | ५.७८ |
| ६ | जीवन बीमा | ३५.२७ | ५.६२ |
| ७ | लघुवित्त | २४.०८ | ३.८४ |
| ८ | संस्थापक शेयर | २२.९० | ३.६५ |
| ९ | उत्पादन तथा प्रशोधन | २१.९५ | ३.५० |
| १० | वित्त | १३.६२ | २.१७ |
| ११ | निर्जीवन बीमा | ९.२९ | १.४८ |
| १२ | होटल तथा पर्यटन | ३.८० | ०.६१ |
| १३ | ऋणपत्र | १.३६ | ०.२२ |
| १४ | म्युचुअल फण्ड | १.२९ | ०.२१ |
| १५ | व्यापार | १.०८ | ०.१७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| सिईडिबि होल्डिङ्ग्स लिमिटेड | ४५.३२ |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | ४४.४६ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ४३.८२ |
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ३९.३४ |
| नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | २०.६२ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३९.४५ | ३४.५१ | ७३.९६ |
| ३४ | १९.८१ | ३०.९७ | ५०.७९ |
| ४२ | १९.३२ | २७.६९ | ४७.०२ |
| ४५ | २४.३८ | १९.१० | ४३.४९ |
| ६० | ६.७५ | ३३.३७ | ४०.१३ |

**लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५४४२ | ६७३५ | १९१० |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३२२७.७९ | ६६०० | १२९५ |
| ३ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ३१२६.७ | ४२७१ | १२१२.३ |
| ४ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २९३९.५४ | ३४८६ | १५६० |
| ५ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २४९८.६६ | ४१८१ | १७८० |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २३९६.२१ | ४०२६.२ | १३०० |
| ७ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२३६.८९ | २६४८.७ | १६४७ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २२३१.५ | ३२२३ | १५६५ |
| ९ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २१५३.९८ | २९०७ | ११४० |
| १० | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १८९६.०६ | २४२६.४ | ११११ |
| ११ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १७९१.७८ | २६४१ | १६४१ |
| १२ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १७३४.५२ | ३०४७ | ८०४ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७३३.६ | २५३० | ११३० |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १७२७.७५ | २३६३.३ | १३२० |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १६१४.३४ | २३२७ | १०७५ |
| १६ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १५९३.१२ | १९५८ | १४०० |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५४२.६२ | २२५० | १०९१ |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १४९६.२५ | २०१९ | ९९५ |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १४४३.५ | १८६०.४ | १०८० |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३१९.९८ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२४०.५८ | १८५१ | १०६४.१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३८.१८ | १८१५ | ९४६.१ |
| २३ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३२.१९ | १७२७ | १११५ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२१४.७१ | १७१६ | ८२० |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ११६०.०१ | १७३९ | १०८८ |
| २६ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६७.०३ | १४९१ | ७३०.४ |
| २७ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०५८.५५ | १४२८ | ८४० |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०५३.६८ | १३०६.८ | ६५०.३ |
| २९ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०४१.८७ | १२८५ | ७३२.५ |
| ३० | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७१.०८ | १४७०.८ | ६८७ |
| ३१ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६०.१ | १२५० | ६४० |
| ३२ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५९.९९ | १४४७ | ६८१.१ |
| ३३ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९१२.६४ | १४९२ | ८८३ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८२.१५ | ११९० | ६६५ |
| ३५ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६८.९८ | ११७४ | ६७० |
| ३६ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८४४.४४ | ११५५ | ८०० |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३२ | १२३२ | ७११.५ |
| ३८ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१७.७३ | ९८७ | ६०० |
| ३९ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८११.०५ | ११७७ | ६९६.२ |
| ४० | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१०.१८ | १२७१ | ६९४.२ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९९.६२ | ११०५ | ७८१ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७६.१५ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६०.७१ | १००४ | ५९४.३ |
| ४४ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७४०.५ | ९१८ | ५८१ |
| ४५ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७२०.४८ | १२१४.८ | ७०७ |
| ४६ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०४.७४ | ९८० | ६०२ |
| ४७ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०४.५२ | ८९० | ५९० |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७०.५४ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५६.४७ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६३६.०३ | ९०७ | ६०३.३ |

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६२९.४६ | ७९० | ५११ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६०६.१ | ७९० | ४९२.१ |
| ३ | नबिल बैंक लिमिटेड | ४८६.९७ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४२०.८७ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७६.०४ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३००.९ | ३८२ | २२८ |
| ७ | कृषि विकास बैंक लिमिटेड | २८८.१८ | ४२८.४ | २२०.५ |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | २८३.३७ | ३८० | २१४ |
| ९ | एनएमबि बैंक लिमिटेड | २५१.१३ | ३०० | १६२ |
| १० | नेपाल बैंक लिमिटेड | २५१ | ३३७.५ | १९५.१ |
| ११ | प्राइम कमर्सियल बैंक लिमिटेड | २५०.०१ | ३२९ | १८६.९ |
| १२ | हिमालयन बैंक लिमिटेड | २३१.०७ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२५.८९ | २९५ | १५७.८ |
| १४ | ग्लोबल आइएमई बैंक लिमिटेड | २१८.६९ | ३०२ | १७० |
| १५ | लक्ष्मी सनराइज बैंक लिमिटेड | २१७.९१ | ३०० | १४३.६ |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २११.५१ | २९५ | १४७.४ |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २१० | २९६ | १५२.५ |
| १८ | प्रभु बैंक लिमिटेड | २०७.४५ | २९७ | १३२ |
| १९ | कुमारी बैंक लिमिटेड | २०६.०३ | २७२.९ | १२९.६ |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | ६८३.०४ | २६१४.९ | ४२६ |
| २ | गुडविल फाइनान्स लिमिटेड | ६५८.९ | १३५३ | ४३८ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६२७.२८ | ९३६.९ | ३६२.५ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६०६.८८ | ८२० | ३५४ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९९.३७ | ९१७ | ४९० |
| ६ | आइसिएफसि फाइनान्स लिमिटेड | ५९४.३४ | ९१० | ४८८ |
| ७ | गोर्खाज फाइनान्स लिमिटेड | ५८० | १०४१ | ५४८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ५४५.५४ | ९५१.६ | ३४३ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५३२.२ | ८६५ | ३१३ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५२७.२६ | १११७.९ | ३१० |
| ११ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ५२५.९९ | ७९५ | ३६६.४ |
| १२ | रिलायन्स फाइनान्स लिमिटेड | ५१४.५१ | ८३८ | ३४९.४ |
| १३ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ५०१.७६ | १०८३.३ | ४०० |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ५०१.५९ | ७५९ | ३४८ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४१५.१५ | ७९५ | ३३९.९ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ३१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | १०९१.६ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०५९.२१ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ८७६.२४ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८५३.०१ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८४०.७२ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४९२.५३ | ६३६.५ | ४१६.५ |

## गोदावरी स्टिलले आईपीओ निष्कासन गर्ने

### वैशाख २६ गते बोलायो साधारणसभा

काठमाडौं (अस) । गोदावरी स्टिल लिमिटेडले सर्वसाधारणमा आईपीओ निष्कासन गर्ने भएको छ। चैत २१ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले आईपीओ निष्कासन लगाएत अन्य विविध प्रस्ताव पारितका लागि सभा गर्ने निर्णय गरेको हो ।

सभाले कम्पनीको अधिकृत, जारी तथा चुक्तापूँजी वृद्धि गर्ने र सर्वसाधारणमा आईपीओ जारी गर्ने निर्णय गर्नेछ । आईपीओ जारी गर्नका लागि आवश्यक सम्पूर्ण कामको जिम्मेवारी भने सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ । यसका साथै गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय पनि सभाले टुंग्याउनेछ ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनको प्रस्ताव पनि सभाका लागि तय भएको छ । सञ्चालकहरूको बैठक भत्ता तथा अन्य सेवा सुविधा संशोधन गर्ने प्रस्ताव पनि सभाले पारित गर्नेछ । यसका साथै तीन जना सञ्चालक संस्थापक शेयरधनीको तर्फबाट निर्वाचन गर्ने कार्यक्रम समेत सभाका लागि तय भएको छ ।

## कुमारी बैंकको २ लाखभन्दा बढी कित्ता संस्थापक शेयर सर्वसाधारणमा जारी

काठमाडौं (अस) । कुमारी बैंक लिमिटेडले २ लाख १४ हजार १११ कित्ता संस्थापक शेयर सर्वसाधारणमा जारी गरेको छ । कम्पनीले यस अघि यी शेयर विद्यमान संस्थापक शेयरधनीहरूका लागि मात्र जारी गरेको थियो । सो अवधिमा विक्री नभएको यी शेयर कम्पनीले अन्य व्यक्ति तथा संस्थामा विक्री गर्न लागेको हो ।

यी शेयर खरीदका लागि अगामी ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय नक्साल, काठमाडौं वा कुमारी क्यापिटलको कार्यालय टंगाल, काठमाडौंमा पेश गर्नुपर्नेछ । यी शेयरको मूल्य विक्रेताले तोके बमोजिम हुने जानकारी कम्पनीले दिएको छ ।

## लुम्बिनी विकास बैंकको बोनस शेयर नेप्सेमा सचीकृत

काठमाडौं (अस) । लुम्बिनी विकास बैंक लिमिटेडको ३ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सचीकृत भएको छ। कम्पनीको ३ प्रतिशत बोनस शेयर बापतको १० लाख ५५ हजार ४४० दशमलव २४ कित्ता शेयर नेप्सेमा सचीकृत भएको हो ।

कम्पनीले गत पुस २९ गते सम्पन्न वार्षिक साधारणसभाबाट ३ प्रतिशत बोनस शेयर र ४ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गरेको थियो । सोमवार नयाँ वर्षको सार्वजनिक बिदा परेकाले भोलिदेखि कारोबारयोग्य हुने यी शेयर सम्बन्धित शेयरधनीहरूले भने हितग्राही खातामा जम्मा गरेपछि मात्र कारोबार गर्न सक्नेछन् ।

## महालक्ष्मी विकास बैंकको संस्थापक शेयर विक्रीमा

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंक लिमिटेडले १५ लाख १४ हजार २५ कित्ता संस्थापक शेयर सर्वसाधारणका लागि विक्री खुला गरेको छ । चैत ३१ गतेदेखि कम्पनीले प्रतिकित्ता ११० रुपैयाँ मूल्य तोकेर यी शेयर विक्रीमा ल्याएको हो । यी शेयर खरीदका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरूले वैशाख १४ गतेभित्र आवेदन पेश गर्नुपर्नेछ । तोकिएको मूल्य वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन पेश गर्नुपर्नेछ । तोकिएको अवधिभित्र प्राप्त आवेदन विक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेडको कार्यालय नक्साल, काठमाडौंमा खोलिने कार्यक्रम तय भैसकेको छ ।

## सञ्चालकले शेयर विक्री गर्न नपाउने व्यवस्था सच्याउन माग

काठमाडौं (अस) । नेपाल निर्जीवन बीमा व्यवसायी संघले संचालकहरूको स्वामित्वमा भएको शेयर राजिनामा पछि पनि १ बर्षसम्म विक्री गर्न नपाउने व्यवस्था अव्यवहारिक भएको गुनासो गरेका छन् । संघले यस विषयमा नेपाल बीमा प्राधिकरणका अध्यक्ष शरद ओझासँगको भेटमा राजीनामापछि पनि एक वर्ष शेयर विक्री गर्न नपाउने व्यवस्थाप्रति प्राधिकरणको ध्यानाकर्षण गराएको हो । संघका अध्यक्ष राजेन्द्र मल्ल नेतृत्वको पदाधिकारी टोलीले प्राधिकरणका नवनियुक्त अध्यक्ष ओझालाई भेटेर धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७९ को नियम ३८ (१ क) अनुसार संगठित संचालकले पदमा बहाल रहँदाका बखत वा त्यस्तो पदबाट अवकाश पाएको एक वर्षसम्म सम्बन्धित कम्पनीको शेयर खरिद विक्री गर्न नपाउने व्यवस्था न्यायोचित नभएको गुनासो राखेका हुन् । उनिहरूले प्राधिकरणका अध्यक्ष ओझा समक्ष अव्यवहारिक उक्त प्रावधाननै सच्याउन आग्रह गरेका छन् ।

लगानीको दृष्टिकोणबाट कम्पनीका अन्य शेयरधनीको वित्तीय स्वार्थ र सञ्चालकहरूको वित्तीय स्वार्थमा कुनै फरक नरहेको संघका अध्यक्ष मल्लले बताए । संचालकहरूले अन्य शेयरधनी सरह नै कम्पनीमा लगानी गरेपछि त्यसको उपयोग गर्नबाट संचालकहरूलाई बञ्चित गर्ने कार्य न्यायोचित नभएको अध्यक्ष मल्लको ठहर छ । कुनै व्यवसायीले आफ्नो चल सम्पति विक्री गर्न नपाउने परिस्थितीमा उद्यम, व्यवसायको विविधीकरण लगायत अत्यावश्यक घरायसी कार्यमा समेत अवरोध सिर्जना हुने अध्यक्ष मल्लको भनाई छ । शेयर विक्री सम्बन्धी पछिल्लो व्यवस्थाले लगानीको वातावरणमा समस्या सिर्जना गर्नुका साथै वैदेशिक लगानी समेत प्रभावित हुने सम्भावनालाई पनि अध्यक्ष मल्लले औल्याएका छन् ।

नेपाली पुनर्बीमा कम्पनीहरूलाई दिई आएको प्रत्यक्ष हिस्साबारे पनि संघले प्राधिकरणको ध्यानाकर्षण गराएको छ । बीमा ऐन २०७९ को दफा दुईमा पुनर्बीमा भन्नाले कुनै एक बीमकले आफुले धारणा गर्ने जोखिम भन्दा बढि अंशको जोखिम पुनर्बीमकले वा अर्को बीमकले ब्यहोर्नेगरी त्यस्तो बीमकसंग गरिएको करार सम्झनुपर्दछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी, ऐनको दफा ८० मा समेत सोही व्यवस्था गरिएको छ । साथै अर्को तर्फमा देशभित्र स्थापित पुनर्बीमकसंग प्राधिकरणले तोकेको प्रतिशत भन्दा कम नहुने गरी अनिवार्य रूपमा पुनर्बीमा गराउनुपर्नेछ भन्ने व्यवस्थालाई आधार मानेर स्वदेशमा स्थापित दुई पुनर्बीमा कम्पनीलाई शुरूदेखिकै जोखिममा ६/६ प्रतिशत प्रत्यक्ष हिस्सा छुट्टयाउनुपर्ने व्यवस्था प्रचलनमा रहेको छ । उक्त व्यवस्था ऐनको मर्म अनुकूल नभएको हुँदा ऐनको व्यवस्था बमोजिम बीमा कम्पनीहरूले धारण गर्न मञ्जुर गरेको जोखिम बाहेक बाँकी हुन आउने जोखिमको मात्रै पुनर्बीमा गर्नुपर्ने व्यवस्था गरदिन पनि संघले प्राधिकरणको ध्यानाकर्षण गराएको छ ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, १ बैशाख २०८२ । Monday, 14 April 2025
आर्थिक अभियान



जनकपुरधामस्थित गंगासागर सरोवरको उत्तर–पूर्वी घाटबाट आइतवार साँझ देखिएको २०८१ सालको अन्तिम सूर्यास्त । *तस्वीर : रासस*

# नयाँ वर्षमा पर्यटकीय गन्तव्यमा चहलपहल

काठमाडौं । नयाँ वर्ष २०८२ को आगमनसँगै मुलुकको पर्यटन क्षेत्रमा पर्यटकको चहलपहलका कारण उत्साह थपिएको छ । वसन्त ऋतुको आगमन र विद्यालयको वार्षिक शैक्षिक बिदाका कारण अभिभावक आफ्ना छोराछोरीसहित आन्तरिक पर्यटन प्रवर्द्धनमा निस्किएका छन् भने सरकारी कर्मचारीको पनि वार्षिक बिदा सक्नुपर्ने भएकाले बिदामा पर्यटकीय गन्तव्यमा पुगेका छन् । होटल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहका अनुसार नयाँ वर्षमा अधिकांश पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढेको छ । 'मुलुकभरका होटलमा न्यूनतम ३५ देखि करीब शतप्रतिशतसम्म अकुपेन्सी पुगेको छ ।'

देशका प्रमुख पर्यटकीय गन्तव्यस्थल पाथीभरा, इलाम, तीनजुरे, धरान, भेडेटार, वसन्तपुर, मकालु आधार शिविर, खुम्बु क्षेत्र, सगरमाथा आधारशिविर, लुक्ला, वराहक्षेत्र, बुढासुब्बा, हलेसी, दन्तकाली, केचनाकवल, छिन्नमस्ता, जनकपुरधाम र भरततालमा समेत धेरै संख्यामा पर्यटक पुगेका छन् ।

त्यस्तै, कालिञ्चोक, चरिकोट, शैलुङ, जिरी, पाँचपोखरी, हेलम्बु, पनौती, पलाञ्चोक भगवती, चितवन राष्ट्रिय निकुञ्ज, सौराहा, हेटौंडास्थित मदनभण्डारी पार्क, पालुङ, दामन, लाङ्टाङ, गोसाइँकुण्ड, नुवाकोट दरबार, बन्दीपुर, पोखरा, गोरखादरबार क्षेत्र, कपिलवस्तु, तिलौराकोट, रामग्राम, बुटवल पाल्पा, लुम्बिनी पर्यटकको प्रमुख गन्तव्य मानिन्छन् ।

बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन, कर्णाली पुल, काँक्रे बिहार, बुलबुले ताल, शुक्लाफाँटा, दोधारा-चादनी झोलुङ्गे पुल, अपि सैपाल हिमाल, स्वर्गद्वारी, सुपादेउराली, बागलुङ कालिका, गलेश्वर, मुक्तिनाथ, लोमान्थाङ, दाङ, घोडाघोडी, धारापानी, शैलेश्वरी, बडिमालिका, राराताल, बागेश्वरी, स्वर्गद्वारी, रानीमल पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनेका छन् ।

पदयात्रा र पर्वतारोहणको उपयुक्त मौसम भएकाले विदेशी पर्यटक साहसिक पर्यटनका लागि हिमाली क्षेत्रमा पुगिरहेका छन् । सगरमाथासहितका हिमाल आरोहण गर्न धेरै संख्यामा स्वदेशी र विदेशी आरोही आधारशिविर पुगेका छन् ।



संघीय राजधानी काठमाडौं उपत्यका मात्रै नभई देशका अधिकांश पर्यटकीय गन्तव्यमा पर्यटकको आवागमन बढेको छ । उपत्यकाका नगरकोट, धुलिखेल, लाकुरीभञ्ज्याङ, गोदावरी, चन्द्रागिरि, खुलेखानी, चित्लाङ, शिवपुरी, ककनी, जर्सिङपौवालगायत गन्तव्यमा आन्तरिक पर्यटकको भिडभाड छ ।

दक्षिणकाली, पशुपतिनाथ, स्वयभू, बौद्धनाथ, वसन्तपुर, पाटन र भक्तपुर दरबारक्षेत्रमा पर्यटकले भरिभराउ छन् । नगरकोटस्थित नगरकोट अलमस्ट होटलका नवीन गुरुङले आफ्नो होटलमा अकुपेन्सी शतप्रतिशत रहेको उल्लेख गर्दै अन्य होटलमा पनि राम्रो अकुपेन्सी भएको बताए ।

### व्यवसायी उत्साहित

नयाँ वर्षको अवसरमा पर्यटन राजधानी पोखराको पर्यटन चलायमान बनेको छ । नयाँ वर्षको सन्दर्भमा पोखरामा हरेक वर्षको शुरुआतका तीन/चार दिन पर्यटक बढ्ने गरेको पोखरा पर्यटन विकास परिषद्का अध्यक्ष तारा पहरीले बताए । 'नयाँ वर्षमा पोखरामा दुईदेखि तीन दिन चहलपहल बढ्छ । विशेषगरी भारतीय र चिनियाँ पर्यटक बढी देखिएका छन्,' उनले भने । उनका अनुसार पोखरा आसपासका गन्तव्य पर्यटकले भरिभराउ छन् । पर्यटकीय क्षेत्र लुम्बिनीमा पर्यटकको माहोल बढेको छ । पर्यटन राजधानी पोखरामा नयाँ वर्ष तथा महोत्सवले चहलपहल बढाएको छ । रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेबान), पोखराका अध्यक्ष विश्वराज पौडेलका अनुसार यतिबेला अकुपेन्सी ७० प्रतिशतभन्दा बढी पुगेको छ ।

भैरहवास्थित सिद्धार्थ होटल संघका अध्यक्ष सिपी श्रेष्ठका अनुसार उक्त क्षेत्रमा अकुपेन्सी ३५ प्रतिशतभन्दा बढी पुगेको छ । नयाँ वर्षको आगमनले पर्यटनलाई चलायमान बनाएको उहाँको भनाइ छ । 'भैरहवाका होटलमा विशेषगरी भारतीय पर्यटकले भरिभराउ छन् । आन्तरिक पर्यटक पनि बढेका छन् । होटलहरुले विभिन्न छूट र अफर दिएका छन् । संघका अनुसार भैरहवामा पाँचतारेदेखि पर्यटकस्तरका डेढ सयभन्दा बढी होटल सञ्चालनमा छन् ।

पर्यटकीय नगरी सौराहामा पनि नयाँ वर्षको सन्दर्भमा पर्यटकको भिडभाड बढेको छ । रेस्टुरेन्ट एण्ड बार एशोसिएशन (रेबान) सौराहाका अध्यक्ष ध्रुव गिरीका अनुसार सौराहामा आन्तरिक र विदेशी पर्यटक उल्लेख्य संख्यामा पुगेका छन् । नयाँ वर्ष विभिन्न मेला महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको उनले बताए । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डे पनि नयाँ वर्ष पर्यटनमा आशा जगाउने वर्ष हुने भएकाले पर्यटन व्यवसायमा सकारात्मक उत्साह थपिएको बताए । उनले भने, 'आन्तरिक मात्र होइन विदेशी पर्यटक पनि उल्लेख्य संख्यामा आउने भएकाले पर्यटन व्यवसायीमा पनि हौसला बढेको छ ।' *रासस*

वीरगञ्ज–पथलैया औद्योगिक कोरिडोर

# विद्युत् कटौतीले आजित उद्योगी भन्छन्– बरु घोषित लोडशेडिङ गर



**अभियान संवाददाता**
वीरगञ्ज

वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरका उद्योग प्रतिष्ठानमा नेपाल विद्युत् प्राधिकरणले गरिरहेको अघोषित लोडशेडिङ र पटकपकटको विद्युत् कटौतीले उद्योगहरूको उत्पादन प्रभावित भएको उद्यमीले बताएका छन् । सरकारले प्राधिकरणको कार्यकारी निर्देशबाट कुलमान घिसिङलाई हटाएलगत्तै केही दिन सुधारिएको आपूर्ति पुनः समस्याग्रस्त भएको उद्यमीले बताएका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघले शनिवार विज्ञप्ति निकालेर विद्युत् कटौतीका कारण उत्पादनमा प्रतिकूल असर परेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । वीरगञ्ज-पथलैया औद्योगिक कोरिडोरमा अवस्थित औद्योगिक फिडरमा २४ घण्टामा १४-१५ पटकसम्म ट्रिपिङ भइरहेको कारण औद्योगिक उपकरण बिग्रिनुका साथै कच्चापदार्थ नोक्सान भइरहेको उद्योगीले बताएका छन् ।

संघका अध्यक्ष हरि गौतमले उद्योग क्षेत्रमा दैनिक १५ पटकभन्दा बढी विद्युत् ट्रिपिङ भइरहेको बताए । 'उद्योग प्रतिष्ठानहरूको अक्सिजनकै रूपमा रहेको विद्युत्को नियमित आपूर्ति हुन नसकेकाले कोरिडोरका उद्योगहरू आफ्नो निश्चित क्षमताभन्दा धेरै कममा सञ्चालन भइरहेका छन्,' उनले भने ।

नेपाल विद्युत् प्राधिकरणले २०७५ सालमा घोषणा गरेको लोडशेडिङमुक्त औद्योगिक क्षेत्र र उज्यालो नेपालको नाराबाट उत्साहित भएका उद्योगी, व्यवसायी तथा सर्वसाधारण पछिल्ला दिनमा बढ्दो विद्युत् कटौती र गुणस्तरीय विद्युत् आपूर्तिको अभावको कारण समस्यामा परेको संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले बताए । उद्योगहरूको उपकरण र कच्चापदार्थ बिग्रिनुका साथै उत्पादन प्रक्रियामा समेत नकारात्मक असर परिरहेको उद्यमीले बताएका छन् ।

**वीरगञ्ज–पथलैया औद्योगिक कोरिडोरमा अवस्थित औद्योगिक फिडरमा २४ घण्टामा १४–१५ पटकसम्म ट्रिपिङ भइरहेको कारण औद्योगिक उपकरण बिग्रिनुका साथै कच्चापदार्थ नोक्सान भइरहेको उद्योगीले बताएका छन् ।**

पर्सा-बारा औद्योगिक कोरिडोरका उद्योगहरूले विभिन्न समस्या खेपिरहेकै बखत विद्युत् कटौतीको समस्या झेल्नुपर्दा उद्योगीहरू मर्कामा परेको एक उद्योगीले बताए । 'विद्युत् कटौतीको बेला डिजी सेटबाट उद्योग सञ्चालन गर्नुपर्दा उत्पादन लागत बढेर उद्योगहरूले प्रतिस्पर्धी क्षमता गुमाउँदै गएका छन् । त्यस्तै साना उद्योगहरूले विद्युत् कटौतीको बेला डिजी सञ्चालन गर्न सक्ने अवस्था नभएकाले उद्योग नै बन्द राख्नुपर्ने अवस्था छ,' संघको विज्ञप्तिमा भनिएको छ ।

समस्याको समाधानका लागि लोडशेडिङको निश्चित समयावधि नै तोकेर बाँकी समयमा गुणस्तरीय विद्युत् आपूर्ति गर्नुपर्ने माग संघले गरेको छ । हिउँद मौसममा प्रत्येक वर्ष विद्युत् आपूर्तिमा समस्या आइरहेकाले यसको दीर्घकालीन समाधानका लागि आग्रह गरिएको छ ।

तथ्यांकोवाच

## संयुक्त राज्य अमेरिकामा १ अर्ब ८७ करोड अमेरिकी डलरको ब्ल्याङ्केट आयात

*मूल्य (हजार अमेरिकी डलर)*

संयुक्त राज्य अमेरिकाबाट ब्ल्याङ्केट (एचएसकोड ६३०१ शीर्षक)

| प्रमुख निर्यातक देशहरू | २०२० | २०२१ | २०२२ | २०२३ | २०२४ |
|---|---|---|---|---|---|
| विश्व | १,४०४,६२९ | २,०२९,५२५ | २,०१९,३२६ | १,६८५,१०७ | १,८६६,४०५ |
| प्रमुख मुलुक | | | | | |
| चीन | १,११८,८८० | १,६८८,७२१ | १,६७०,२२१ | १,३७७,३३७ | १,५३२,८७१ |
| भारत | ९३,८६९ | १४५,८५६ | १५४,२३५ | १२२,२४२ | १३२,८१६ |
| भियतनाम | २०,२६८ | ५५,५९६ | ५४,८९१ | ५८,६०६ | ६०,३५७ |
| पाकिस्तान | २७,९१३ | ३१,९८३ | ४१,३६५ | ३९,६८४ | ४३,९२१ |
| पोर्चुगल | १२,२६३ | २०,२२२ | १६,५८७ | १७,८६८ | २०,१५५ |
| इटाली | ६,२३४ | १२,९२४ | १३,६३५ | १४,०१५ | १६,६८७ |
| मेक्सिको | १५,००७ | १५,३४७ | १३,३६२ | ९,२३३ | ७,३३३ |
| पेरु | ५,२२२ | ९,८१७ | ९,७७३ | ७,१४२ | ६,८२६ |
| संयुक्त अधिराज्य | ३,३९२ | ६,३३४ | ७,५७१ | ६,२५५ | ५,१६१ |
| जर्मनी | २,४९५ | ४,५१२ | ४,६०३ | ४,०४३ | ४,८६० |
| टर्की | १,८८६ | ३,३५१ | ३,००२ | २,८९७ | ३,२७३ |
| इन्डोनेसिया | ७७६ | २,६६७ | २,८९१ | २,१६० | २,९९५ |
| कम्बोडिया | ४५६ | ५०४ | ३६५ | ५५६ | २,५०७ |
| होन्डुरास | १,२६८ | ३,४२३ | २,०२३ | ३,६५८ | २,४१४ |
| स्पेन | ८५० | १,८२५ | १,६४४ | १,८७६ | २,२८० |
| नेपाल | ५२७ | ८४५ | १,१०६ | ८०३ | २,००० |
| थाइल्याण्ड | १,२१२ | ३,२७७ | ३,०६८ | १,२०९ | १,७७९ |
| ताइपेई, चिनियाँ | ६८६ | १,६८८ | १,३०४ | १,७२३ | १,७६० |
| लिथुआनिया | ७५३ | २,०९० | १,५५० | १,३८२ | १,७२० |
| इक्वेडर | ६६३ | १,५४० | १,८५३ | १,३२१ | १,४३९ |
| बंगलादेश | ६६७ | २,०३८ | १,९१० | ९१८ | १,४१७ |
| एल साल्भाडोर | १८४ | ६६२ | १,०२६ | ९२३ | १,३२८ |
| आयरल्याण्ड | १,१३७ | १,४४३ | १,१४२ | १,४३० | १,२३६ |
| कोरिया, गणतन्त्र | ९२६ | १,३३१ | १,०९४ | ८०५ | १,२१३ |
| पोल्याण्ड | ९७० | १,९०० | १,३०२ | ६२१ | १,१५२ |
| फ्रान्स | ८७७ | १,६१० | १,३४८ | १,००० | ९५९ |
| क्यानडा | ३६७ | ४९८ | ३९९ | ६६३ | ७४५ |
| श्रीलंका | ११९ | १५० | ६५२ | ५३५ | ६०३ |
| स्विट्जरल्याण्ड | ४८९ | ६६८ | ४९३ | ३९१ | ३७७ |
| अस्ट्रिया | १०९ | ५५९ | २५६ | ३४७ | ३५९ |
| जापान | ९८ | १८१ | २२१ | १७२ | ३५९ |
| हङकङ, चीन | १,१७६ | ९५७ | ३०८ | ४०८ | ३४६ |
| कोलम्बिया | ८५ | ११० | २०३ | १२२ | ३३७ |
| डोमिनिकन गणराज्य | १९२ | १७२ | १२४ | १६४ | २७६ |
| लाटभिया | ५८ | २१९ | ११८ | १२७ | २०६ |

स्रोत : आइटिसी ट्रेडम्याप

अमेरिकाको अटो आपूर्ति शृंखला

# ट्रम्पको भन्सार शुल्कले कस्तो प्रभाव पार्न सक्छ ?

पेचिङ (चीन) । अमेरिकी बहुराष्ट्रिय अटो निर्माता फोर्डका प्रमुख कार्यकारी अधिकृत जिम फार्लीले हालै न्यूयोर्कमा आयोजित एक लगानी सम्मेलनमा चेतावनी दिए- आयातित वस्तुमा उच्च शुल्क लगाउने कार्यले अमेरिकी उद्योगमा यस्तो खालको क्षति पुऱ्याउनेछ, जुन हामीले कहिल्यै देखेका छैनौं ।

वर्षौंयता अमेरिकाको अटो आपूर्ति शृंखला आफ्ना दुई छिमेकी देशहरूसँग गहिरो रूपमा एकीकृत रहँदै आएको छ । एउटा गाडी तयार हुँदासम्म त्यसका पार्टपुर्जा अमेरिका, मेक्सिको र क्यानडाबीच धेरैपटक ओसारपसार गरिन्छ । तर मेक्सिको र क्यानडामाथि अमेरिकी शुल्कले उत्तर अमेरिकी आपूर्ति शृंखलामा अवरोध उत्पन्न हुने तथा गाडीको मूल्य बढ्ने डर छ । 'हामीले अहिले अटो उत्पादनमा धेरै खर्च र तीव्र अस्तव्यस्तता देखिरहेका छौं,' फार्लीले भने ।

मेक्सिकोको उत्तरी शहर मोन्तेरेस्थित अलिआन प्लास्टिक्सको उद्योगमा पग्लिएको प्लास्टिकबाट गाडीका हेडलाइट कभर जस्ता पार्टपुर्जा बनाइन्छ । कम्पनीका महाप्रबन्धक फेलिपे बिलारियलले सिन्हवालाई बताए अनुसार यी भाग तयार भएपछि अमेरिकामा कम्पोनेन्ट एसेम्बलीका लागि पठाइन्छ । त्यसपछि गाडीका सम्पूर्ण एसेम्बलीका लागि मेक्सिको फर्काइन्छन् । अन्ततः ती गाडी अमेरिका निर्यात गरिन्छ । 'यो प्रक्रिया उत्तर अमेरिकी अटो उद्योग शृंखलाको घनिष्ठ सहकार्यको उदाहरण हो,' बिलारियलले भने, 'अब कच्चापदार्थ र प्रशोधनको लागतका अलावा कम्पनीले हरेक चरणमा १५ देखि २५ प्रतिशतसम्म शुल्क तिर्नुपर्ने हुन सक्छ, जसको समग्र दर ७० प्रतिशतसम्म पुग्न सक्छ ।'

वाशिङ्टनले थपिएको शुल्कले अमेरिकी-निर्मित गाडीलाई संरक्षण दिने दाबी गरेको छ । तर आजका दिनमा विशुद्ध रूपमा अमेरिकी-निर्मित गाडी अस्तित्वमै छैन । अहिले कार उत्पादनमा विश्वभरका स्रोत आवश्यक पर्छन् । उदाहरणका लागि, ४० वर्षभन्दा बढी समयदेखि अमेरिकामा सबैभन्दा बढी बिक्री हुने फोर्डको एफ-१५० ट्रकको पनि आधाभन्दा कम भाग मात्र अमेरिकी कारखानामा तयार हुन्छ ।

फोर्डका मेक्सिकोमा चिहुआहुआमा इञ्जिन प्लान्ट र काउटिटलान तथा हर्मोसिलोमा दुई स्ट्याम्पिङ तथा एसेम्बली प्लान्ट छन् । यस्तै क्यानडाको ओकभिलमा एउटा एसेम्बली प्लान्ट छ । गतवर्ष अमेरिका लगभग ८ मिलियन गाडी आयात गऱ्यो । तीमध्ये सबैभन्दा बढी ३० लाख युनिट गाडी मेक्सिकोबाट आयात गरियो । क्यानडा चौथो स्थानमा रह्यो, जसले ११ लाख युनिट अमेरिका पठायो ।

मिशिगनस्थित एन्डरसन इकोनोमिक ग्रुपको अनुमान अनुसार नयाँ भन्सार शुल्कले अमेरिकाको सबैभन्दा सस्तो गाडीमा पनि २ हजार ५०० देखि ५ हजार डलरसम्म मूल्य बढ्न सक्छ । यसैगरी केही आयातित गाडीको मूल्य २० हजार डलरसम्म बढ्न सक्छ ।



**मिशिगनस्थित एन्डरसन इकोनोमिक ग्रुपको अनुमान अनुसार नयाँ भन्सार शुल्कले अमेरिकाको सबैभन्दा सस्तो गाडीमा पनि २ हजार ५०० देखि ५ हजार डलरसम्म मूल्य बढ्न सक्छ । यसैगरी केही आयातित गाडीको मूल्य २० हजार डलरसम्म बढ्न सक्छ ।**

यता, पीटरसन इन्स्टिच्युट फर इन्टरनेशनल इकोनोमिक्सका वरिष्ठ अनुसन्धाता गेरी क्लाइड हफबाउरका अनुसार गाडीको मूल्य प्रतियुनिट ४ हजार डलरले बढ्नेछ र धेरै कम्पनीहरू घाटा वा कम नाफामा चल्नुपर्नेछ ।

'यसले ठूलो असर पार्नेछ । एक दशकअघि अमेरिकाका सबैभन्दा कम आम्दानी हुने २० प्रतिशत उपभोक्ताले नयाँ गाडी किन्न सक्दैनथे । आज त्यो संख्या ४० प्रतिशत पुगेको छ,' अटोमोटिभ रिसर्च सेन्टरका वरिष्ठ उपाध्यक्ष वैंकटेश प्रसादले भने ।

### रोजगारी कटौती 'अपरिहार्य' हुनेछ

अमेरिकाको अटो उत्पादन अघिल्लो दशकदेखि लगातार घट्दै गएको छ । अमेरिकी वाणिज्य विभागका तथ्यांक अनुसार गतवर्ष अमेरिका १७ लाख युनिट गाडी उत्पादन गर्न सफल भयो, जुन सन् २०१४ को ४० लाखभन्दा ५७ प्रतिशतले कम हो । यो कमीका पछाडि लागत वृद्धिदेखि विश्वव्यापी प्रतिस्पर्धाजस्ता विभिन्न कारण छन् । यस्तो अवस्थामा शुल्कमार्फत घरेलु उत्पादन पुनर्जीवित गर्ने प्रयास उल्टो असर पार्न सक्ने विश्लेषण गरिएको छ ।

ट्रम्प प्रशासनले चाहेजस्तै विश्वव्यापी अटो कम्पनीहरूले थप उत्पादन अमेरिका सार्न थाले भने पनि अत्यधिक मात्रामा स्टिल र एल्युमिनियम आवश्यक पर्छ । तर अमेरिका आफैले सन् २०२५ को मार्च १२ देखि यिनका आयातमा २५ प्रतिशत शुल्क लगाउन थालिसकेको छ ।

गिम्मे क्रेडिटका विश्लेषक जे कुसिङका अनुसार यस्ता शुल्कहरूले अमेरिकी गाडीको मूल्य १ हजार ५०० डलरसम्म बढाउन सक्छ । एन्डरसन ग्रुपको अनुमान अनुसार यिनै शुल्कले विद्युतीय गाडीको मूल्य २ हजार ५०० डलरसम्म वृद्धि गर्न सक्छ ।

गाडीको मूल्य झनै बढेमा अमेरिकी अटो उद्योगमा उत्पादन तथा रोजगारी कटौती 'अपरिहार्य' हुनेछ । क्यानडाको अटोमोटिभ पार्ट्स म्यानुफ्याक्चरर्स एसोसिएसनका अध्यक्ष फ्लाभियो भोल्पेले चेतावनी दिए, 'उत्तर अमेरिकी अटो उद्योग एकदमै एकीकृत छ ।'

'तपाईं गाडी बनाउन सक्नुहुन्न, सबै पार्टहरू समयमै आइपुग्दैनन् । यदि २५ प्रतिशत शुल्क लाग्यो भने त्यो खर्च कार निर्माता, पार्ट्स सप्लायर वा अन्ततः उपभोक्ताले तिर्नैपर्छ,' उनले भने । उनका अनुसार क्यानडेली अटो आपूर्तिकर्ताका १८ अमेरिकी राज्यमा १५६ कारखाना छन्, जसले ५० हजार अमेरिकी श्रमिकलाई रोजगार दिएका छन् ।

### अटो निर्माता कम्पनीहरूको कठिन यात्रा

अमेरिकी शुल्क नीतिको अनिश्चितता बढेसँगै साना निर्माणकर्तादेखि विश्वका ठूला अटो कम्पनीहरू समेत सम्भावित अवरोधको सामना गर्न 'प्लान बी' बनाउने तयारीमा छन् । 'हामी कोभिड-१९ महामारीको बेलामा जस्तै रणनीति निर्माण गर्न बैठक गर्दैछौं । प्राविधिक अवरोधदेखि शुल्क, लागत र कर्मचारी व्यवस्थापनसम्मको तयारी भइरहेको छ,' न्यू लियोन अटोमोटिभ क्लस्टरका महाप्रबन्धक म्यानुएल मोँटोयाले भने ।

जनरल मोटर्सका सीएफओ पल जेकब्सनले भनेका छन्, 'कम्पनीले छोटो अवधिका लागि शुल्क सहन सक्नेछ, तर ती दीर्घकालीन भए थप चुनौती आउन सक्छ ।' ती शुल्क स्थायी भएमा प्लान्टहरू कहाँ राख्ने, सर्ने वा हटाउने भन्नेबारे सोच्नुपर्ने उनले बताए ।

सामान्यतया अटो निर्माता कम्पनीले आगामी वर्षको मोडल डिजाइन र परीक्षण वर्षको शुरुआतमै शुरू गर्छन् । तर यस वर्ष धेरै उत्तर अमेरिकी कम्पनीहरू अझै अनिश्चित छन् र सन् २०२६ को मोडल विकास स्थगित गरिएको छ । *सिन्हवा*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित  प्रधान सम्पादक : मदन लम्साल  सम्पादकीय निर्देशक : केशव गौतम  कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ  पाञ्चायनमार्ग, थापाथली, काठमाडौं  पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७  इमेल : editorial@abhiyan.com.np  मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर